# अध्याय एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "अनौपचारिक शिक्षामा प्रयुक्त पाठ्य सामग्री अन्तर्गत महिला साक्षरता पुस्तक" को अध्ययन विश्लेषण रहको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत नेपाली भाषा शिक्षा विभागको स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांश संख्या ५९८ को आवश्यकता पुरा गर्ने प्रयोजनको निम्ति तयार पारिएको छ ।

## १.३ विषय प्रवेश

वि.सं. २००७ सालमा प्राप्त प्रजातन्त्र पछि सुरु भएको शैक्षिक विकासले हालसम्म करिब २७ हजार विद्यालयहरू खुलेका छन् । चालु दसौं योजनाले शैक्षिक विकासलाई मानवीय क्षमताको विकासद्वारा गरिबी निवारण गर्ने मूलभूत औजार को रूपमा अङ्गिकार गरेको छ । अर्न्तराष्ट्रिय रूपमै सन् २०१५ सम्म सबैको लागि शिक्षा भन्ने प्रतिबद्धतामा सामेल भएको हुँदा समेत नेपाल सरकारले विभिन्न दातृराष्ट्रहरूको सहयोगमा "सबैको लागि शिक्षा" २००४ देखि २००९ भन्ने आयोजना सुरु गरेको छ । यसरी शैक्षिक विकासको लागि प्रजातन्त्रोत्तर ५४ वर्ष योजनाबद्ध आर्थिक विकास सुरु गरेको आधा शताब्दी भैसक्दा पनि साक्षरताको प्रतिशत भने ५३.७४ मात्र रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने योजना र सिद्धान्त जतिसुकै राम्रा बनाए तापनि व्यवहारमा तिनीहरूलाई उतार्न नसकिएको प्रस्ट हुन्छ । अझै पनि देशको आधा भाग शिक्षाबाट वञ्चित हुनु परेको छ । विशेषत आर्थिक रूपले विपन्न र दुर्गम क्षेत्रमा बस्ने बासिन्दाहरू जनजाति, दलित, मधेसी महिलामा साक्षरताको प्रतिशत न्यून रहेको अध्ययनबाट देखिएको छ । निरक्षरता वा शैक्षिक पछौटेपनले मानवीय विकासको

मापदण्डमा समेत यस्ता सुविधाबाट वञ्चित वर्ग निकै तल रहेको देखिन्छ । विगतका प्रयत्नहरू मूलतः शिक्षाको विकासमा केन्द्रित रहेको र अनौपचारिक शिक्षाको दायरामा नसमेटिएका वर्गहरूलाई लक्षित गरेर सञ्चालन गर्नु पर्ने अवस्था रहेको देखिन्छ । साथै अनौपचारिक शिक्षाका कार्यक्रमहरू उपर उतिसारो ध्यान पुग्न नसकेको देखिन्छ । यसबाट स्वाभाविक रूपमा राष्ट्रको शैक्षिक कार्यक्रमले सबैलाई समेट्न नसकेको, खुद भर्नादर ८४% भन्दा न्यून रहेकाले समाजको ठुलो हिस्साले शैक्षिक न्याय पाउन नसकेको स्थिति छ ।

उल्लेखित विभिन्न पक्षबाट स्पष्ट हुन्छ सर्वसाधारण नेपालीको पहुँचभित्र शिक्षालाई पुऱ्याउन समसामयिक र लचिलो शैक्षिक कार्यक्रमको आवश्यकता टड्कारो रूपमा खट्किएको छ । नेपालको सन्दर्भमा अनौपचारिक शिक्षा कार्यक्रम सुनियोजित रूपमा सुरु भएको धेरै समय भएको छैन । यद्यपि यसको सुरुवात पहिल्याउदै जाँदा गुरुकूल पदधतिसम्म पुग्न सकिन्छ । आधुनिक राणा कालीन समयमा फाटफुट खुलेको प्रौढ कक्षाहरू नै अनौपचारिक शिक्षाका प्रारम्भिक आधार हुन् । प्रजातन्त्र र योजनाबद्ध आर्थिक विकास पदधति सुरुवात पछि विभिन्न नामबाट अनौपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालन भएका देखिन्छन् । तर ठोस पाठ्यक्रमविना नै वैज्ञानिक ढङ्गको पाठ्यक्रमको अभाव, अनौपचारिक शिक्षण तालिम प्राप्त सहयोगी कार्यकर्ताको कमी, प्रौढ मनोविज्ञानलाई नबुझ्कि पठन पाठन गर्ने पद्धति, नियमित सुपरिवेक्षणको अभाव, सरकारी निकाय मात्रको संलग्नता भै स्थानीय निकाय गैर सरकारी सङ्घ संस्था र अन्य सरोकारवालाहरूको संलग्नताको अभाव जस्ता समस्या अनौपचारिक शिक्षाका क्षेत्रमा रहेको देखिन्छ । वि.सं. २०५४ सालमा आएर मात्र अनौपचारिक शिक्षा पाठ्यक्रम २०५४ को निर्माण भएको पाइन्छ ।

वि.सं. २०५४ सालमा शिक्षा नियमावली आएपछि शिक्षा मन्त्रीको अध्यक्षतामा "अनौपचारिक शिक्षा परिषद्" गठन भयो । जिल्ला स्तरमा पनि अनौपचारिक शिक्षा समिति रहने व्यवस्था भएको छ र राष्ट्रिय स्तरमा पनि अनौपचारिक शिक्षा केन्द्र यसको उच्च स्तरीय निकायको रूपमा स्थापित भएको छ । संस्थागत पद्धति एवं प्रक्रियागत दृष्टिले केही संरचनाहरू तयार भएको कुरामा कुनै सन्देह छैन तर

अनौपचारिक शिक्षाले जुन हिसाबबाट व्यापकता लिनु पर्ने थियो र साक्षर जनशक्तिले सिर्जनामा योगदान पुऱ्याउन सक्नु पर्ने थियो सो भएको देखिँदैन । हाल प्रचलित अनौपचारिक शिक्षाका कार्यक्रमहरू प्रभावकारिता, मितव्ययिता उपलब्धि र गुणात्मकता एवं पहुँचका दृष्टिले सन्तोष गर्न नसकिने अवस्था रहेको छ । सञ्चालन भएका कार्यक्रमहरू नियमितता पुऱ्याउने ढङ्गले मात्रै सञ्चालित छन् । दर्जनौ भाषाभाषी भएको नेपाल जस्तो बहुभाषी बहुजाति र बहु सांस्कृतिक मुलुकमा राष्ट्रिय भाषा नेपालीको माध्यमबाट अनौपचारिक शिक्षा प्रदान गर्दै आएको नेपाली भाषा मै विकास गरिएको छ । यस हिसाबले अनौपचारिक शिक्षा पनि औपचारिक जस्तै नेपाली इतर भाषिका भएकोलाई फलामको चिउरा सरह भएको छ । महिला साक्षरता पुस्तक प्रयोग अनुसन्धान र विकास पक्ष अपेक्षित रहेको छ । यसले गर्दा ठुलो लगानी गरेर जुन उद्देश्य लिई अनौपचारिक कक्षाहरू सञ्चालन गरिन्छन् तिनीहरू अपेक्षाकृत रूपमा सफल हुन सकेका छैनन् । सक्षारोत्तर शिक्षा वा निरन्तर शिक्षा कार्यक्रमको अभावले छोटो अबधिमा सिकेका कुराहरू बिर्सने स्थिति रहेको छ भने अर्कातिर अनौपचारिक शिक्षामा महिला साक्षरता पुस्तकलाई सरल, सहज, वैज्ञानिक द्विभाषिक र बहुभाषिक पद्धतिहरू अपनाउँदै अघि बढ्नु पर्ने जरुरी भएको छ ।

यस प्रकार महिला साक्षरता पुस्तिकालाई गैर नेपाली भाषा बोलचाल गर्ने जाति, वर्ग, सम्प्रदायमा प्रभावकारी रूपमा शिक्षण गर्न कठिनाई आइ परेको छ । यसबाट अनौपचारिक शिक्षाका नाममा स्रोत र साधनहरू खेर गइ रहेको र निरक्षर वर्ग लाभान्वित हुनबाट वञ्चित रहनु परेको अवस्था छ ।

वर्तमान समयमा सबै खालका सेवा औपचारिक शिक्षाले मात्र समेट्न नसेको स्थितिमा अनौपचारिक शिक्षा अपरिहार्य भएको कुरालाई स्विकार्नु पर्दछ । यसै क्रममा विविध कारणवश स्कुल जान नसकेका र बालशिक्षा कक्षामा अध्ययन गरेका बालबालिकाहरूलाई विद्यालय शिक्षाबाट वञ्चित र साक्षर हुन चाहने महिलाहरूले अध्ययन गर्ने गरेको प्रौढको निमित्त सरकारी तथा गैर सरकारी निकायबाट यस्ता कक्षाहरू सञ्चालन हुने गरेका छन् । यस्ता कक्षामा पढ्न आउने सहभागीहरू भिन्न-भिन्न भाषिक समुदाय, सामाजिक संरचना फरक फरक परिवेशबाट आएका हुन्छन् ।

औपचारिक शिक्षा जस्तो अनौपचारिक शिक्षाले सम्पूर्ण विषयमा अध्ययन नगराए तापनि यसले दैनिक व्यवहारमा प्रयोग हुने आधारभूत कुराहरू जस्तै ; नेपाली गणित, स्वास्थ्य सन्देश, वनरक्षा, आयआर्जन जस्ता ग्रामीण आवश्यकता पहिल्याई विभिन्न प्रकारका सिप प्रदान गर्ने विषयमा शिक्षण गराउँदै आएको छ । यी सबैको माध्यम नेपाली भाषा नै हो । विभिन्न भाषिक समुदायबाट आएका व्यक्तिहरू भएका कारण यी सबैमा नेपाली भाषा शुद्ध र स्तरीय नपाइने भएको मुख्य समस्या कारणले समस्या देखिएको छ ।

## १.४ समस्या कथन

प्रस्तुत शोध पत्र अनौपचारिक शिषा कार्यक्रम अन्तर्गत महिला साक्षरता पुस्तकको अध्ययन गर्नु रहेको छ । यससँग सम्बन्धित अन्य समस्याहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

क) अनौपचारिक शिक्षामा प्रयुक्त 'महिला साक्षरता पुस्तक' पाठ्यक्रम अनुरूप छ वा छैन ?

ख) असल पाठ्य सामग्रीमा हुनु पर्ने के कस्ता विशेषताहरू 'महिला साक्षरता पुस्तक' मा समाविष्ट छन् ?

ग) उक्त पुस्तकमा के कस्ता सबल र दुर्बल पक्षहरू समाविष्ट छन् ?

घ) यस पुस्तकले विभिन्न जातजाति भाषा भाषी भएका प्रौढ महिला तथा पुरुषलाई सहयोग पुऱ्याएको छ ?

ङ) उक्त पाठ्य सामग्रीमा के कस्ता कमी कमजोरीहरूरहेका छन ?

च) तिनको निराकरण गर्न के कस्ता उपाय अपनाउन सकिन्छ ।

## १.५ उद्देश्य

प्रस्तुत शोधपत्रका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) अनौपचारिक शिक्षामा प्रयुक्त महिला साक्षरता पुस्तकको पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गर्नु,

ख) महिला साक्षरता पुस्तकको वाह्य पक्ष र आन्तरिक पक्षको आधारमा उक्त सामग्रीको विश्लेषण गर्नु,

ग) उक्त पाठ्य सामग्रीको सबल र दुर्बल पक्ष पहिल्याउनु,

घ) उक्त पाठ्य सामग्रीको सुधारको लागि सुझाब प्रस्तुत गर्नु,

## १.६ औचित्य

अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत महिला साक्षरता पुस्तकको बारेमा गरिने शोध कार्यले अनौपचारिक शिक्षाको क्षेत्रमा थप सहयोग गर्ने र सो क्षेत्रमा नयाँ नयाँ तथ्यहरू अन्वेषण गरेर पत्ता लगाउने एवम प्रचलित विधि र तथ्यहरूको पुनरावलोकन वा पुन मुल्याङ्कन गर्न सघाउ पुऱ्याउने छ । शोध पत्रबाट महिला साक्षरता पुस्तकमा निहित गुण क्षमता, मौलिकता, समस्या प्रभावकारिता उपयुक्तता र उपलब्धिमूलकता जस्ता पक्षमा स्वतन्त्र रूपमा अध्ययन अनुसन्धान हुन सक्ने र यसबाट अन्तत : स्तवन्त्र चिन्तन विश्लेषण पद्धति विकास भै अनौपचारिक शिक्षामा महिला साक्षरता पुस्तकको प्रभाबकारिता वृद्धिमा समेत भरथेग पुग्न जाने विश्वास लिइएको छ ।

नेपालमा अनौपचारिक शिक्षा क्षेत्रमा बिगत केही वर्षसम्म सरकारले मात्र भूमिका खेलेकोमा हालका बर्षहरूमा अनौपचारिक शिक्षा प्रदान गैर सरकारी सामुदायिक, निजी क्षेत्रका संस्थाहरू समेतको संलग्नता बढ्दै आएको छ । यसर्थ महिला साक्षरता पुस्तकमा गरिने शोध कार्यबाट अनौपचारिक शिक्षाको प्रभाबकारिता बढाउन मद्दत पुग्दछ । विभिन्न निकायहरूले आ आफ्ना कार्यक्रमलाई उद्देश्यमुखी मितव्ययी, दक्ष बनाउन यस्ता शोधबाट हासिल हुने नतिजाले योगदान पुऱ्याउन सक्छ । शोध पत्रले दर्साएको कमी कमजोरी वा सुधार हुनु पर्ने क्षेत्रहरूलाई सम्बोधन गर्ने गरी सरोकारवालाहरू सचेत हुने र सो अनुरूप नीति तथा कार्यक्रम ल्याउन र प्रयोग गर्न सजिलो पर्ने देखिन्छ । महिला साक्षरता पुस्तकलाई कक्षा तथा लक्षित सहभागी केन्द्रीय बनाउने सहभागीको भाषिक सिप बढाउने उद्देश्यप्रति उन्मुख बनाउने, समसामयिक बनाउने, विद्यमान पाठ्यक्रम, पाठ्य सामग्री शिक्षण विधि परिमार्जन गर्ने जस्ता विषयमा समेत यो अध्ययन उपयोगी आशा गर्न सकिन्छ ।

## १.७ अध्ययनको सीमा

प्रस्तुत अध्ययनको सीमा निर्धारण निम्नानुसार गरिएको छ :

क) यो अध्ययन अनौपचारिक शिक्षा केन्द्र सानोठिमीबाट प्रकाशित हुने अनौपचारिक शिक्षाका पाठ्य पुस्तकमा केन्द्रित रहेको छ ।

ख) प्रस्तुत अध्ययन महिला साक्षरता पाठ्य पुस्तकमा मात्र सीमित रहेको छ ।

ग) उक्त पाठ्य पुस्तकको पाठ्यक्रम अनुरूपता र आन्तरिक र वाह्य आधारको विश्लेषणमा सीमित रहेको छ ।

## १.८ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यसँग सान्दर्भिक प्रयासहरू विगतमा के कस्ता भएका छन् भन्ने कुराको जानकारी लिनका लागि यस खण्डमा पूर्व शोधकर्ताहरूले गरेका अध्ययन तथा अन्य प्राप्त आलेखहरूको सङ्क्षिप्त समीक्षा गरिएको छ :

अनौपचारिक शिक्षामा अवलम्बन गरिने पाठ्य सामग्रीको बारेमा शिक्षाविद् तथा विद्वान्हरूको ध्यान त्यति आकर्षित भएको देखिन्न । यस कारणले यस विषयमा कलम चलाउने, अध्ययन अनुसन्धान र शोध गर्नेहरूको सङ्ख्या पनि स्वाभाविक रूपमा कमी छ । उसै पनि अपेक्षाकृत रूपमा अव्यवस्थित रहेको अनौपचारिक शिक्षाको क्षेत्रमा पनि अध्ययन अनुसन्धान कुरा बाहिर आउन नसकेको महसुस हुन्छ ।

यस क्षेत्रमा थोरै मात्र भए पनि हालका वर्षहरूमा अध्ययन अनुसन्धान शोध र आलेखहरू लेख्ने क्रम बढ्दै आएको पाइन्छ । अनौपचारिक शिक्षाको सम्पूर्ण माध्यम नेपाली भाषा नै भएकाले अनौपचारिक शिक्षामा प्रयोग गरिने सामग्रीहरूको अध्ययन क्रम बढेको छ । अनौपचारिक शिक्षामा प्रयोग गरिने विभिन सामग्रीहरूको उल्लेख भएको पाइन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

मुना रेग्मी र विकास शर्मा (२०६४) द्वारा लिखित अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरद्वारा २)६४ सालमा प्रकाशित **'महिला साक्षरता पुस्तक'** भएको पाइन्छ । उक्त पुस्तकमा महिलाहरूलाई साक्षर बनाउने, महिला हकहित र लैङ्गिक सचेतना, आर्थिक नियन्त्रणका अत्यावश्यक विषयहरू सिकाउने खालका विषयवस्तुहरू समेटिएका छन् ।

त्यस्तै नेपाल सरकार शिक्षा मन्त्रालय अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित **'जीवनको वाटोमा सबैको लागि शिक्षा'** शीर्षक पुस्तक २०६७ सालमा तयार पारिएको छ । यस सामग्रीमा साक्षरता तह पुरा गरेका प्रौढ महिला तथा पुरुषहरूले दैनिक जीवनमा आवश्यक पर्ने ज्ञान तथा सिप दिने उद्देश्यले समसामयिक र उपयोगी बिषय वस्तुहरू समाबेश गरी उनीहरूको जीवन स्तर सुधार गर्ने कार्यमा सहयोग पुऱ्याउने खालका पाइन्छ ।

युनेस्कोको बुलेटिन मा प्रकाशित **'सशक्तीकरणको लागि साक्षरता पहल'** मा नेपाली महिला साक्षरता धेरै कम रहेको र सशक्तीकरणको लागि साक्षरता पहलको तयारी स्वरूप नेपालले दश वर्षीय साक्षरता (अनौपचारिक शिक्षा नीति र कार्यढाँचा २००५-२०१५) तयार पारेको कुरा उल्लेख छ ।

अनिता कुमारी न्यौपाने (२०६२) द्वारा **'अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत नेपाली भाषा शिक्षणमा अपनाइने विधिहरूको अध्ययन'** शोधपत्र तयार पारिएको पाइन्छ । उक्त अध्ययनमा प्रौढ मनोविज्ञानलाई बुझि शिक्षण गर्नु पर्ने प्रयोगात्मक सिप विकासमा जोड शिक्षार्थीको रूची, क्षमता, स्तर आदिलाई ध्यान दिनु पर्ने, अनौपचारिक कक्षाको लागि निर्मित पाठ्य सामग्रीमा सुधार र परिमार्जन गर्नु पर्ने कुरामा जोड दिएको छ ।

त्यस्तै अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित **प्रौढ शिक्षाको 'नयाँ गोरेटो'** (२०६४) पाठ्य सामग्रीमा पनि विभिन्न कारणले विद्यालय जान नसकी

पढ्न लेख्न मौका नपाएका प्रौढ पुरुष तथा महिलाहरूका लागि चेतनाको स्तर वृद्धि गरी कार्यमूलक साक्षरता सिप प्रदान गर्ने यसको उद्देश्य राखिएको पाइन्छ ।

सरस्वती फुयाँलले **“कक्षा ८ को हाम्रो नेपाली किताबको विश्लेषणात्म अध्ययन”** (२०६२) शीर्षकमा आफ्नो शोधपत्र तयार गर्नु भएको छ । यस अध्ययनम पाठ्य पुस्तकको आन्तरिक र बाह्य पक्षलाई विशेष महत्त्व दिएर अध्ययन विश्लेषण गरिएको छ । विधागत स्तरण नमिलेको, जीवनी विधा पाठ्यक्रमले तोकेको विषयक्षेत्र र क्रम अनुसार पाठ्य पुस्तकमा नराखिएको लैङ्गिक समानतालाई देखाउन खोजे पनि कतिपय ठाउँमा परम्परागत बिभेदलाई सङ्केत गर्ने वाक्यहरू समावेश नगरिएको निश्कर्ष प्रस्तुत गरिएको पाइन्छ ।

कमलराज खनालद्वारा गरिएको **“कक्षा ४ को ‘मेरो नेपाली किताव’ र ‘सजिलो नेपाल माला’ को तुलनात्मक अध्ययन”** (२०५९) शोध शीर्षकमा दुबै पाठ्य पुस्तक पाठ्यक्रम अनुरूप भए नभएको तुलना गरी पाठ्य पुस्तकका वाह्य र आन्तरिक विशेषताको आधारमा अध्ययन गरिएको पाइन्छ ।

शान्ति पौडेल द्वारा **“कक्षा ५ को साझा नेपाली पाठ्य पुस्तकको विश्लेषणात्मक अध्ययन”** (२०५७) मा प्राथमिक तहको नेपाली विषयको पाठ्यक्रमले तोकेका सबै विधाका क्षेत्रलाई पाठ्य पुस्तकले समेट्न नसकेको पाठ्यक्रममा राष्ट्रिय जीवनी मात्र तोकिएको तर पाठ्य पुस्तकमा अन्तर्राष्ट्रिय जीवनी समावेश गरीएको विषयवस्तुमा क्रमिकता रहेको समानुपातिक शब्दको तथा शब्द भण्डार विद्यार्थीको क्षमता अनुकूल रहेको निश्कर्ष निकालिएको छ ।

विभिन्न समयमा भएको अध्ययन अनुसन्धानबाट के निश्कर्ष निकालिएको छ भने पाठ्यक्रम अनुरूप पाठ्य पुस्तक निर्माण नभएको पाठ्यक्रमले तोकेका निर्देशनहरू अक्षरस पालना नभएको देखिन्छ । पाठ्यक्रमले तोकेका निर्देशनहरू एउटा पक्षलाई आत्मसाथ गरेको छ भने अर्को पक्षलाई बेवास्ता गरेको देखिन्छ ।

उपयुक्त अध्ययनबाट अनौपचारिक शिक्षामा प्रयुक्त पाठ्य सामग्रीहरू सम्बन्धी प्रशस्त अध्ययन भएका छन् । विभिन्न समयमा भएका यस्ता विश्लेषणले पाठ्य सामग्री सम्बन्धी जानकारी प्रदान गरेको छ । यसै प्रसङ्गमा अनौपचारिक शिक्षामा प्रयुक्त पाठ्य सामग्रीको अध्ययन नभएकोले यस सम्बन्धी अध्ययन सान्दर्भिक देखिन्छ ।

## १.९ शोध अध्ययन विधि

मुख्य रूपमा पुस्तकालय विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा तथ्य सङ्कलनका स्रोतहरू, सामग्री निर्माण तथा प्राप्त तथ्यको विश्लेषणमा निम्न विधि तथा प्रक्रियाहरूको अवलम्बन गरिएको छ :

क) **तथ्याङ्क संकलनको स्रोत** : यस अध्ययनका लागि तथ्याङ्कहरूको सङ्कलन गर्दा निम्न लिखित दुई स्रोतहरूको उपयोग गरिएको छ :

अ) **प्राथमिक स्रोत** : यस अध्ययन तथ्याङ्क सङ्कलनको लागि प्राथमिक स्रोतको रूपमा 'महिला साक्षरता पुस्तक' र यसको पाठ्यक्रमलाई लिइएको छ ।

आ) **गौण स्रोत** : प्रस्तुत अध्ययनमा अनौपचारिक शिक्षा अन्तर्गतको पाठ्यक्रम तथा पाठ्य सामग्री, सम्बन्धी विश्लेषण गरिएका पुस्तक, पत्रपत्रिका विभिन्न लेखहरू तथा प्रकाशित तथा अप्रकाशित शोध ग्रन्थहरूलाई लिइएको छ ।

ख) **सैद्धान्तिक आधारको निर्माण** : यस अध्ययनमा सर्वप्रथम पुस्तकालय बिधिद्वारा पाठ्यक्रम तथा पाठ्य सामग्रीसँग सम्बन्धीत पुस्तक शोधग्रन्थ पत्रिकाहरूमा प्रकाशित अनुसन्धानात्मक लेख रचनाहरूको वर्णानात्मक अध्ययन गरी पाठ्य सामग्री विश्लेषणका लागि सैद्धान्तिक आधार निर्माण गरिएको छ ।

ग) **तथ्याङ्कको व्याख्या तथा विश्लेषण** : यस अध्ययनमा 'महिला साक्षरता पुस्तक' बाट प्राप्त तथ्यहरूलाई पूर्व निर्धारित सैद्धान्तिक मान्यताको आधारमा व्याख्या एवम् विश्लेषण गरिएको छ ।

**१.१० शोधपत्रको सम्भावित रूपरेखा**

यस शोधको सम्भावित रूपरेखा निम्नानुसार रहेको छ :

परिच्छेद एक : शोधको परिचय

परिच्छेद दुई : अनौपचारिक शिक्षाको सैद्धान्तिक परिचय

परिच्छेद तिन : पाठ्यक्रम अनुरूपताको आधारमा महिला साक्षरता पुस्तकको विश्लेषण

परिच्छेद चार : पाठ्य पुस्तकको आन्तरिक र वाह्य विशेषताको आधारमा विश्लेषण

परिच्छेद पाँच : निश्कर्ष तथा सुझाबहरू

सन्दर्भ सामग्री सूची

# अध्याय दुई

# अनौपचारिक शिक्षाको सैद्धान्तिक परिचय

## २.१ विषय प्रवेश

औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेर प्राप्त हुने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । औपचारिक शिक्षामा जस्तो प्रतिस्पर्धी भएर होइन पूरकको रूपमा अनौपचारिक शिक्षाको जन्म हुन गएको हो । त्यसैले कतिपय लेखकहरूले अनौपचारिक शिक्षालाई मानवको आदिम इतिहाससँग जन्मेको पनि ठान्छन् । तर कतिपयले यसलाई सन् १९६० को दशकमा फिलिप कुम्बसले जन्माएको शिक्षा प्रणाली भनी ठानेका छन् । स्वयं फिलिप कुम्बसले भनेका छन् - "यो शिक्षा प्रणाली मैले जन्माइन बरु समाजमा चल्दै आएको शैक्षिक चलन चल्तीलाई एउटा स्वरूप दिएँ" (कुम्बस सन् १९७४) यसबाट थाहा हुन्छ कि अनौपचारिक शिक्षा युगौंदेखि नै प्रचलनमा थियो । ब्रेमबेकले भने झैं अनौपचारिक शिक्षा मौन उद्यमको रूपमा रहि आएको थियो । यही मौन उद्यमलाई फिलिप कम्बसले संरचना दिएका हुन् । पाउेलो फ्रेरे, जुलियस नरेर आदिले यसमा नयाँ नयाँ विचारहरू थपि दिएका हुन् । (अनौपचारिक शिक्षा, २०६३ : ४) ।

अनौपचारिक शिक्षा भनेको के हो त ? यस क्षेत्रका ज्ञाताहरूले यसलाई छाते शब्दको रूपमा पाएका छन् । किनकि अनौपचारिक शिक्षाले सबै उमेरका सबै खाले रुचि भएका, सबै खाले सहभागीहरूको शैक्षिक आवश्यकता पुरा गरेको हुन्छ । फिलिप कुम्बस, प्रोसर र मंजुर अहमद (सन् १९७३ : ११) का अनुसार (क) निर्दिष्ट लक्ष्य लिएर सचेतन रूपमा क्रमबद्ध किसिमले सञ्चालन गरिएका सबै खाले शिक्षाहरू अनौपचारिक शिक्षा हुन् । (ख) खास समूहलाई दिइएको खास किसिमका शिक्षाहरू अनौपचारिक शिक्षा हुन् । यी दुई बुँदाका आधारमा हेर्दा अनौपचारिक शिक्षा भनेको के हो भन्नु भन्दा के होइन भनी प्रश्न गर्नु सान्दर्भिक देखिन आउँछ । 'अनौपचारिक शिक्षा औपचारिक शिक्षाको सट्टा भर्ना होइन ।' विपरीत पनि होइन न त यो प्रवर्तन र

परिवर्तनका लागि गरिने वाद विवाद नै हो । यो त सहभागीहरूको ज्ञान एवं सिपको यकिन गर्न खोजिने खाले शिक्षा हो । (अधिकारी २०६३ : ४) ।

**अनौपचारिक शिक्षा सम्बन्धी केही महत्त्वपूर्ण परिभाषाहरू**

समय सापेक्ष रूपमा विभिन्न व्यक्ति तथा संस्थाहरूले अनौपचारिक शिक्षालाई परिभाषित गरेका छन् । प्रत्येक परिभाषासँग सुहाउने शब्दावली बनाएका छन् । अहिले यस शिक्षाको नाममा विभिन्न दर्जनौं शब्दावलीहरू प्रयोग भएका छन् (कोइराला, सन् १९८८ : ७७-८८) ।

"औपचारिक शिक्षाको स्थापित संरचनाभन्दा बाहिर रहेर सङ्गठित गरिएका कुनै पनि शैक्षिक क्रियाकलापहरूलाई अनौपचारिक शिक्षा भन्दछन् । यस्ता कार्यक्रमहरू छुट्टै वा एउटा विस्तृत कार्यक्रमको अङ्ग भएर चलेका हुन्छन् । यी कार्यक्रमहरू निश्चित समूहका शिक्षार्थीलाई निश्चित उद्देश्य प्राप्त गर्न भनी सञ्चालन गरिएको हुन्छ ।" कुम्बस, प्रोसर र अहमद (सन् १९७३)

संयुक्त राज्य अमेरिकाको मेसाचु सेट्स विश्व विद्यालय (सन् १९७१ : १) ले अर्थ्याए अनुसार "अनौपचारिक शिक्षा आवश्यकतामुखी उपयोगितावादी र उत्पादनशील तर कम खर्चिलो स्वभावको हुन्छ ।"

ला वेलाको सोचाइमा "अनौपचारिक शिक्षाको संरचनाभन्दा वाहिर भएको व्यवस्थित शैक्षिक प्रक्रियालाई अनौपचारिक शिक्षा भनिन्छ । यस्तो खाले शिक्षा बिशेष समूहले विशेष क्षमता एवं अनुभव आर्जन गर्न सक्छ ।" (ला वेला)

पाउलो फ्रेरेको विचारमा "कुनै पूर्व निर्धारित वा पहिले नै निश्चित गरिएको पाठ्यक्रम केही पनि नजान्ने ठानिएका विद्यार्थीहरूलाई अरूका बासी पुराण घोकाउने प्रक्रिया औपचारिक शिक्षा हो भने त्यसको ठिक विपरीत सिकारुहरूको सुषुप्त प्रतिभाको कदर गरी उनीहरूकै इच्छा र आवश्यकता अनुरूप आपसमा सिक्नु र सिकाउने प्रक्रिया अनौपचारिक शिक्षा हो ।" (पाउलो फ्रेरे)

कतिपय चिन्तकहरूले त अनौपचारिक शिक्षालाई गरिब र निमुखाहरूको शक्ति ठानेका छन् । उनीहरूलाई सङ्गठित गर्ने र सामाजिक न्याय खोज्ने सक्ने बनाउने कडी मानेका छन् । अदिसेसियाले यो विचारलाई प्रतिबिम्बन गरी अनौपचारिक शिक्षाको परिभाषा दिएका छन् । यिनको विचार पाउलो फेरेको चिन्तनसँग मिलेको देखिन्छ । त्यसपछिका चिन्तक ला बेलाले शिक्षालाई आवश्यकतासँग मुकाकिला गर्ने शक्ति ठानेका छन् ।

## २.२ अनौपचारिक शिक्षाको स्वरूप

- अनौपचारिक, शिक्षा विद्यालयको जस्तो कठोर नियममा सञ्चालन हुँदैन बरु लचिलो हुन्छ ।
- अनौपचारिक शिक्षा विश्वव्यापी स्वभावको नभई स्थानीय स्वभावको हुन्छ ।
- अनौपचारिक शिक्षा परिपक्व जीवन निर्माण गर्ने प्रविधिको रूपमा जीवन पर्यन्त स्थापित हुन्छ ।
- अनौपचारिक शिक्षाले विकासका मानवीय सूचकसँग सिधै सम्बन्ध राखेको हुन्छ । अनौपचारिक शिक्षाले ज्ञानपक्षीय अभिमुखीकरणभन्दा सिप अभिमुखी सशक्तीकरणलाई बढी जोड दिएको हुन्छ ।
- अनौपचारिक शिक्षाले सामाजिक समानता ल्याउने शक्तिको रूपमा काम गरेको हुन्छ ।
- अनौपचारिक शिक्षा जीवन र कामसँग सम्बन्धित हुन्छ । (अनौपचारिक शिक्षा, २०६३ : ११-१२)

## २.३ अनौपचारिक शिक्षाका विशेषताहरू

संरचनाले, उद्देश्यले, लक्षित समुहले, समयको कारणले र दार्शनिक आधारले गर्दा अनौपचारिक शिक्षाका अनेकौं विशेषताहरू पहिल्याउन सकिन्छ । एक्काइसौं शताब्दीको ज्ञानमा आधारित खुल्ला समाज, मानवीय संवेदनशीलता बढ्दो प्राविधिक विकाससँग भिन्दै जानु पर्ने स्थिति, विकासशील देशहरूको शैक्षिक न्यूनता, विश्वको

आपसी निर्भरता, एक गाउँको अवधारणा र शिक्षाको अनेकन मोडेलहरू (Singh, १९९१) को आधारमा हेर्दा पनि अनौपचारिक शिक्षाका विविध विशेषताहरू पाइन्छन् । ती विशेषताहरू यस प्रकार छन् :

- अनौपचारिक शिक्षा लचिलो हुन्छ ।
- यो जीवनपर्यन्त सिक्ने अभिप्रेरणा जगाउने खालको हुन्छ ।
- यसले आफ्नो रहर अनुसार पढ्ने अवसर प्रदान गर्छ ।
- अनौपचारिक शिक्षाले शिक्षार्थीको अनुभवलाई कदर गर्छ ।
- यसले शिक्षार्थीलाई सिकाइमा सहजता पुऱ्याउन घर दैलोमा सिकाइ सञ्चालन उपलब्ध गराउँछ ।
- अनौपचारिक शिक्षाले सबै उमेर, रूची, योग्यताका शिक्षार्थीलाई जीवनमा आवश्यक पर्ने ज्ञान र सिपको विकास गर्नमा मद्दत गर्दछ (अनौपचारिक शिक्षा, २०६३ : १४) ।

## २.४ अनौपचारिक शिक्षाको महत्त्व

विभिन्न दृष्टिकोणबाट हेर्दा अनौपचारिक शिक्षाको महत्त्व रहेको छ । ती महत्त्वहरूलाई शिक्षाका विविध पक्षबाट व्यक्त गर्न सकिन्छ :

### क) शिक्षामा पहुँच बढाउनका लागि

नेपालमा ६ वर्ष माथिका आधाभन्दा बढी जनसङ्ख्या निरक्षर छन् । यस्तो निरक्षर समूहमा थुप्रै जातजातिहरू छन् । तिनमा केही आर्थिक कारणले निरक्षर छन् त कोही सामाजिक संरचनाको कारणले निरक्षर छन् । अरू कितपयलाई भौगोलिक बाध्यताले निरक्षर हुनु परेको छ । यसरी निरक्षरहरूमा तराईका मुसहर, डोम, दुसाद आदि छन् भने पहाडमा चेपाङ, बोटे, राउटे दलित आदि पर्दछन् । तिनीहरूमा पनि महिलाहरूको निरक्षरता पर झनै कहाली लाग्दो ढङ्गको छ । यसरी निरक्षर बन्न वाध्य भएका व्यक्तिहरूलाई साक्षर बनाउन अनौपचारिक शिक्षाको महत्त्व हुन्छ । प्रौढ,

महिला, विद्यालय जाँदै नगएका केटाकेटी बीचैमा पढाइ छाड्ने केटाकेटी, त्यस्तै ढङ्गका किशोर किशोरी आदि यस समूहमा पर्दछन् (अनौपचारिक शिक्षा, २०६३ : १४) ।

**ख**) ज्ञान, सिप र दक्षतालाई अद्यावधिक गर्नका लागि व्यक्तिले आफ्नो अनुभव, शिक्षादीक्षा आदिले अनेकन ज्ञान, सिप र क्षमता आर्जन गरेका हुन्छन् । ती आर्जित क्षमताहरूलाई अद्यावधिक गर्नाका लागि अनौपचारिक शिक्षाको महत्त्व छ ।

**ग) निरन्तर शिक्षा प्रदान गर्नका लागि**

एक पटक प्राप्त गरेको ज्ञान सदाको लागि हुन सक्दैन । एक पटक पढेको व्यक्ति सँधै जान्ने सुन्ने नै हुन्छन् भन्ने केही छैन । उनीहरूलाई सदैव जान्ने सुन्ने बनाउन निरन्तर शिक्षा प्रदान गर्नु पर्ने हुन्छ । यसका लागि अनौपचारिक शिक्षाको महत्त्व छ ।

**घ) सिकाइलाई जीवन्त बनाउनका लागि**

औपचारिक शिक्षामा पढेका कुराहरू "जीवनोपयोगी भएनन् भन्ने गुनासो रहन्छ । सो गुनासो अन्त्य गर्न र सिकाइलाई जीवनोपयोगी बनाउन अनौपचारिक शिक्षाको ठुलो महत्त्व छ ।

**ङ) गुणस्तरीय शिक्षा दिनका लागि**

औपचारिक शिक्षालाई गुणस्तरीय बनाउन यसले एउटा तह बनेर काम गर्दछ । अर्थात औपचारिक शिक्षाको तहबाट चुहिएर वा छिरेर खेर जानेहरूलाई आवश्यक ज्ञान, सिप आदि थपेर पुन व्यवस्था भित्रै पठाउने काम अनौपचारिक शिक्षाले नै गर्दछ । यस अर्थमा अनौपचारिक शिक्षाको पूरकभित्रको रूपमा काम गर्नका लागि यसको महत्त्व  छ ।

### च) समकक्ष शिक्षा दिनका लागि

सबैले समान रूपमा औपचारिक शिक्षा हासिल गर्न सक्तैनन् । यसैले शिक्षाविद्हरू सदा वैकल्पिक मार्गको खोजी गरि रहेका हुन्छन् । यो वैकल्पिक बाटो अनौपचारिक शिक्षाले दिन सक्दा आधारभूत शिक्षाका तहमा साक्षरता कार्यक्रमबाट प्राथमिकदेखि बाह्र कक्षासम्मको शिक्षाका लागि विद्यालयबाट र उच्च शिक्षामा सबै तहको शिक्षाका लागि खुला विश्व विद्यालयबाट समकक्ष शिक्षा दिने प्रबन्ध गर्न सकिन्छ । यस्तो प्रबन्ध गर्नका लागि अनौपचारिक शिक्षाको महत्त्व छ । (अनौपचारिक शिक्षा, २०६३ : १५) ।

## २.५ औपचारिक र अनौपचारिक शिक्षामा फरक

| **औपचारिक शिक्षा** | | **अनौपचारिक शिक्षा** |
|---|---|---|
| ) दीर्घकालीन र सामान्य<br>) प्रमाणपत्रमा आधारित | उद्देश्य | ) आपतकालीन<br>) प्रमाणपत्रमा आधारित नहुने |
| | समय | |
| ) लामो अवधि<br>) भविष्यको तयारी<br>) पूर्णकालीन<br>) निश्चित समय तोकिएको | | ) छोटो अवधि<br>) तत्कालिन आवश्यकता अनुकूल हुने गरी समय समयमा आयोजना गरिने<br>) आंशिक<br>) सहभागीको अनुकूल हुने गरी निर्धारण गरिएको समय |
| | विषयवस्तु | |
| ) विषय केन्द्रित र स्तरीय<br>) प्राज्ञिक एवं सैद्धान्तिक<br>) प्रवेश परीक्षामा जोड | | ) समस्या केन्द्रित र वैयक्तिक<br>) प्रायोगिक एवं व्यवहारिक शिक्षार्थीको आवश्यकता अनुसार भर्ना दिइने व्यवस्थामा जोड |

| | | |
|---|---|---|
| | संरचना प्रणाली | |
| ) संस्थागत सामाजिक परिवेशभन्दा छुट्टै रहेको<br>) अत्यन्त कठोर संरचना भएको<br>) शिक्षक केन्द्रित<br>) व्यापक स्रोतको प्रयोग | | ) स्थानीय वातावरणमा आधारित र समुदायसँग सम्बन्धित<br>) लचिलो संरचना भएको<br>) शिक्षार्थी केन्द्रित<br>) उपलब्ध स्रोतको बचत |
| | नियन्त्रण | |
| ) वाह्य नियन्त्रण गरिएको<br>) तहगत व्यवस्था भएको र शिक्षक एवं विद्यार्थीको निश्चित भूमिका भएको | | ) स्थानीय चासो एवं नियन्त्रण आपसी सर सहयोग र नवप्रवर्तन<br>) प्रजातान्त्रिक एवम स्थानीय समुदाय र शिक्षार्थीहरूको नियन्त्रण |
| | पाठ्य पुस्तक | |
| ) निश्चित पाठ्य पुस्तक | | ) आवश्यकता अनुसारको पाठ्य पुस्तक |
| | मूल्याङ्कन प्रक्रिया | |
| ) औपचारिक मूल्याङ्कन<br>) कलम र कागजको जाँचमा विश्वास<br>) प्रमाणपत्रमुखी | | ) जीवनमा भएको परिवर्तन नै मूल्याङ्कनको आधार भएकोले प्रयोगात्मक कार्यमा जोड<br>) जीवनमुखी मुल्याङ्कन |
| | ज्ञानको स्रोत | |
| ) पुस्तक तथा पत्रपत्रिका | | ) जीवनमा अनुभव, पुस्तक एवं पत्रपत्रिकाहरू |

| | | |
|---|---|---|
| | नेतृत्व दिने तरिका | |
| ) निरंकुश नेतृत्व | | ) प्रजातान्त्रिक, सहयोगी र उत्प्रेरक नेतृत्व |
| | लगानी | |
| ) ठुलो लगानी | | ) सानो लगानीको ठुलो काम |
| | सम्बन्ध | |
| ) शिक्षक र विद्यार्थीको सम्बन्ध लिने र दिने जस्तो | | ) सुमधुर र सहयोगी सम्बन्ध |
| | सम्बोधन | |
| ) औपचारिक शिक्षामा पढाउनेलाई शिक्षक र पढ्नेलाई विद्यार्थी भनिन्छ । | | ) अनौपचारिक शिक्षामा पढाउनेलाई सहयोगी कार्यकर्ता र पढ्नेलाई सहभागी भनिन्छ । |

स्रोत : चन्द्र बहादुर भुजेल (२०५२), अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम (पृष्ठ ४ र ५)

## २.६ अनौपचारिक शिक्षाको ऐतिहासिक विकास

अहिलेको अनौपचारिक शिक्षा एक दिन एउटा व्यक्तिको मस्तिस्कको उपज होइन । यसलाई मूर्तरूप दिन अनेकन व्यक्तिहरूको योगदान रहेको छ । यस्ता योगदान गर्नेहरूमा सन् १९४० तिर मनोवैज्ञानिक कार्ल रोजर्सको नाम सुरुमा लिने गरिन्छ किनकि उनले नै स्व-सचेतता, स्व-स्वचालन, शिक्षार्थी केन्द्रित उपचार विधि र स्व-निर्देशनको अधिकारका बारेमा वकालत गरेका थिए । यिनै विचारहरूबाट अनौपचारिक शिक्षाका चिन्तकहरूलाई दार्शनिक खुराक मिल्यो । शिक्षार्थीको सोच र क्षमता सुहाउँदा सल्लाह दिने तरिकाहरू विकसित भए (अनौपचारिक शिक्षा, २०६३ : २५) ।

संयुक्त राष्ट्रसंघको युनेक्सको मार्फत सन् १९४६ देखि निरक्षरताको विरुद्ध साक्षरता अभियानको कदमले अनौपचारिक शिक्षालाई थप सहयोग पुऱ्यायो । त्यस्तै सन् १९४९ मा डेनमार्कको सल्सिनोर भन्ने ठाउँमा सर्वप्रथम "प्रौढ शिक्षा" का बारेमा एक सम्मेलन भयो । उक्त सम्मेलनपछि प्रौढ साक्षरताले विशेष महत्त्व पायो । त्यसपछि सन् १९६० मा क्यानाडाको मन्ट्रियल भन्ने ठाउँमा प्रौढ शिक्षा सम्बन्धी दोस्रो सम्मेलन भयो । ५१ राष्ट्रले भाग लिएको उक्त सम्मेलनमा प्रौढहरूलाई साक्षरताका साथै व्यबहारिक र व्यबसायिक शिक्षा पनि दिनु पर्ने महसुस गरी सन् १९६१ मा राष्ट्रसङ्घको महासभामा साक्षरताबारे एक मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गरियो । यसै क्रममा सन् १९६२ मा इटालीको उल्ला कम्फरेन्स र पेरिसमा एक अन्तर्राष्ट्रिय साक्षरता विशेषज्ञहरूको अधिवेशनले साक्षर व्यक्तिको परिभाषा यस प्रकार दियो - "कुनै व्यक्ति जब देश र समाजको प्रत्येक काम चलाउने ज्ञान र निपुणता हासिल गर्दछ तब त्यो ज्ञान कौशलता प्राप्त गर्न पढाइ, लेखाइ र गणित सिकी ती ज्ञान र निपुर्णतालाई देशकै उत्थान गर्नमा जारी राख्छ, त्यस्ता व्यक्तिलाई साक्षर भन्न सकिन्छ ।" त्यसपछि सन् १९६४ मा पेरिसमा एक सम्मेलन भई साक्षरतालाई थप जोड दिइयो । सन् १९६५ मा इरानका सम्राट शाहन शाहले अन्तर्राष्ट्रिय साक्षरता अभियानको प्रस्ताव राखेकोमा उक्त प्रस्ताव युनेस्कोको महाधिवेशनले स्वीकार गऱ्यो । त्यसपछि सन् १९६६ मा शाहनशाहकै नेतृत्वमा ८७ राष्ट्र सम्मिलित मन्त्री स्तरीय सम्मेलन तेहरानमा भयो । यस सम्मेलनले विश्वका निरक्षर प्रौढहरूलाई साक्षर बनाउने काम प्रत्येक देशको विकास योजनामै एक अभिन्न अङ्ग हुनु पर्ने कुरामा जोड दिदै यस्तो शिक्षामा व्यबहारिक, व्यबसायिक र उपयोगी हुनु पर्ने भनियो ।

त्यसपछि सन् १९७२ जुलाई २५ देखि ७ अगस्तसम्म जापानको टोकियोमा अन्तर्राष्ट्रिय प्रौढ शिक्षा सम्मेलन भयो । यस सम्मेलनले शैक्षिक सुबिधाहरूलाई सम्पूर्ण जीवनपर्यन्त आवश्यकताको रूपमा लियो । यसरी विकसित हुँदै आएको प्रौढ शिक्षा कार्यमूलक प्रौढ शिक्षा अनौपचारिक शिक्षा, मौलिक शिक्षा, स्कुल बाहिरको शिक्षा आदि विविध नामको रूपमा अगाडि बढ्दै आएको छ । यसरी अन्तर्राष्ट्रिय जगत्बाट विभिन्न स्वरूप लिँदै आएको प्रौढ शिक्षा कार्यक्रमलाई नेपालमा निरक्षरता उन्मुलन गर्दै लैजाने

उद्देश्यले २००८ सालदेखि प्रौढ शिक्षाका क्षेत्रमा विभिन्न कार्यको सुरु भएको पाइन्छ ( अधिकारी र पौडेल, २०६६ : ५४५) ।

आफ्नै घर परिवार र कुल कुटुम्बबाट शिक्षित र दीक्षित हुने परम्परा जहाँतहीँ छ । नेपालमा पनि यो परम्पराले धेरै ठुलो योगदान दिएको छ तर हिन्दू धर्मको विकाससँगै देवकुल, ऋषिकुल गुरुकुल र राजकुल गरी चारवटा शिक्षण व्यवस्थाहरू सुरु भएको देखिन्छ यी कुलहरू वर्णाश्रम व्यवस्थाका पोषक भएका देखिन्छन् । जन शिक्षाका लागि भने धार्मिक एवं नैतिक उपदेश दिने गुरुहरू दवारा एकाह, सप्ता, नवाह जस्ता कार्यक्रमहरू आयोजना गरिएको देखिन्छ । त्यसै गरी वुद्ध धर्मका भिक्षु र लामाहरूले पनि - शिक्षा दिइ रहेको देखिन्छ । इश्लामका इमान र यौलकी तथा इशाइका पादरीहरूले बेलाबखतमा गर्ने उपदेशहरू यसै कोटिका शिक्षण व्यवस्थाहरू हुन् । यस अर्थमा नेपालको अनौपचारिक शिक्षाको सुरुवात धार्मिक व्यक्तिहरूले गरे ( कोइराला सन् १९९८ : २१) ।

नेपालको एकीकरण भएदेखि राणाहरूको उदय हुनुभन्दा अगाडिसम्मको अवस्थामा माथिकै परम्परागत शिक्षण व्यवस्थाद्वारा अनौपचारिक शिक्षा दिने क्रम जारी रह्यो । शिक्षाको विरोध गरे तापनि राणा कालमा नै अनौपचारिक शिक्षाको सुरुवात भएको पाइन्छ (अनौपचारिक शिक्षा २०६३ : ३८) । सन् १९२६ मा ग्रामीण शिक्षा कार्यक्रम र सन् १९४७ मा साक्षरता कार्यक्रम चलाइएको थियो ।  २००७ सालको क्रान्तिले शिक्षामा परिवर्तन ल्याउने सोचहरू बने । सन् १९५१ देखि सन् १९५६ सम्म देशमा थुप्रै विद्यालयहरू खुले र खुलाइए । यस बेला पहिलो पञ्च वर्षीय योजना र पहिलो शिक्षा योजना पनि आयो । विभिन्न मन्त्रालयहरू गठन भए । यस समयमा प्रौढ साक्षरता कक्षाहरू, छोटो अवधिमा अनौपचारिक शिक्षा लिन पाउने खालका प्रौढ शिक्षालयहरू र रात्री पाठशालाहरू सञ्चालनमा आए । जनचेतना फैलाउने खालका रेडियो, मनिका, पोस्टर, चार्ट, वृत्तचित्र, पम्प्लेट मार्फत दिइने सन्देशमूलक (कृषि, स्वास्थ्य आदि क्षेत्रको) कार्यक्रमहरू सञ्चालित भए । १० देखि २१ वर्षका ग्रामीण युवा युवतीका लागि कृषि शिक्षाका कार्यक्रमहरू, महिला सिप विकास तालिमहरू सञ्चालित भए ।

सन् १९५७ देखि सन् १९७० को अवधिलाई शिक्षाको पुर्ननिर्माणको युग भनिन्छ । यति वेला शिक्षा योजनाहरू बने । युनेस्कोका विज्ञहरूले नेपालको शिक्षामा चासो लिन थाले । परिणामतः साक्षरोत्तर कार्यक्रमको सुरुवात भयो । ग्रामीण वाचनालय र रेडियो मार्फत साक्षरता शिक्षा दिइन थालियो । शैषिक र गैर शैक्षिक संस्थाहरूले गाउँस्तरमा साक्षरता सिप विकास कार्यक्रमहरू चलाउन थाले । महिला साक्षरता युक्ति साक्षरता कार्यक्रम चलाउन थालियो । किसान सल्लाहकार मण्डल मार्फत शिक्षाको प्रचार प्रसार भयो (अनौपचारिक शिक्षा २०६२ : २९) ।

सन् १९७० पछि अनौपचारिक शिक्षा अलि व्यवस्थित हुँदै आयो । विश्वमा आएको चिन्तनलाई नेपालले पनि भित्रायो । नेपालले पहिलोपल्ट सन् १९७२ मा कार्यमूलक प्रौढ साक्षरता कार्यक्रम र साधारण साक्षरता कार्यक्रम गरी शिक्षा मन्त्रालयले दुई भिन्ना भिन्नै कार्यक्रमहरू चलायो ।

सन् १९७५ तिर शिक्षा विकास तथा अनुसन्धान केन्द्रले कास्कीको लाहाचेक गाउँमा 'अनौपचारिक शिक्षा' भन्ने शब्द जोडिएको कार्यक्रम चलायो । यो कार्यक्रमले शिक्षकलाई परिवर्तनको वाहकको रूपमा विकसित गऱ्यो । विद्यालय र समाजलाई एक अर्काको सहयोगीको रूपमा उभ्यायो । अर्को शब्दमा भन्दा विद्यालयले गाउँलेहरूलाई कार्यमूलक अनौपचारिक शिक्षाका कार्यक्रमहरू मार्फत सचेत सिपमूलक र साक्षर बनायो । सेती शिक्षा परियोजनालाई अझ विस्तार गरी सन् १९८४ मा प्राथमिक शिक्षा परियोजना लागु भयो । हाल यो परियोजना प्राथमिक शिक्षा कार्यक्रमको रूपमा सञ्चालन भइ रहेको छ ।

सुरुमा एउटा र बहु सन्देश गरी दुबै थरीको कार्यमूलक शिक्षा चलाई परीक्षण गरिएको कार्यमूलक शिक्षाबाट बहु सन्देशयुक्त अनौपचारिक शिक्षा प्रभावकारी हुँदो रहेछ भन्ने मान्यताको स्थापना गरि दियो । यसरी पाएका अनुभवलाई सेरिडले सन् १९७९ मा धुन्चे सेमिनार गरेर र सन् १९८० मा विद्यालय समुदाय योजना लागु गरेर अनौपचारिक शिक्षाको विस्तार गरि रह्यो । त्यसपछि सन् १९८० मा हालको शिक्षा शास्त्र संकाय र सेरिड मिलेर एउटा कार्यशालाको आयोजना गरे । यो कार्यशालाले

अनौपचारिक शिक्षालाई नेपालको ग्रामीण विकास कार्यक्रमसँग आबद्ध गर्ने जगमा अर्को इँट्टा थपि दियो (अनौपचारिक शिक्षा, २०६३ : ३१) ।

सन् १९८० को सुरुतिर नेपालमा पाउलो फ्रेरेको चिन्तनमा आधारित भएर अनौपचारिक शिक्षा कार्यक्रमको लागि पाठ्य सामग्री बनाउने प्रयासको थालनी भएको मानिन्छ । हुनत यस्तै खालको थालनी नेपालमा लौबाक भन्ने अमेरिकी शिक्षाविदले २००८ सालतिर सुरु गरेका थिए । लौबाकको सोचमा शब्द शिक्षण (अक्षरबाट शब्द हैन शब्दबाट अक्षर सिकाउने व्यवस्था) सिकेका शब्दसँगै कुनै न कुनै सन्देश दिने व्यवस्था हो । तर उनको शब्द शिक्षण उपयुक्त भएन । पाउलो फ्रेरेको मूल शब्द शिक्षण विधि भने ग्राह्य बन्दै गयो । यो मूल शब्द शिक्षण विधिलाई सेरिड र शिक्षा मन्त्रालयले अगाडि बढाइ दिए । विदेशी सल्लाहकार डा. डेबिड वाकरको सल्लाह अनुसार 'नयाँ गोरेटो' नामक चार वटा पाठ्य सामग्रीहरू बनाइए ।

सन् १९९९२ मा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागु भएदेखि लागु भएका जिल्लाहरूमा अनौपचारिक शिक्षालाई पनि व्यापक बनाउदै लगिएको छ सन् १९९० को जोमटेन अन्तर्राष्ट्रिय सम्मेलन "सबैका लागि शिक्षा" मा नेपालले पनि सन् २००० सम्ममा निरक्षरता दरलाई ५०% घटाएर साक्षरता दर ६७% पुऱ्याउने प्रतिबद्धता जाहरे गरेको थियो । सोही अनुसार अनौपचारिक शिक्षालाई पनि व्यवस्थित किसिमले सञ्चालन गर्ने नीति तत्कालीन श्री ५ को सरकारले लिएको थियो । विशेष गरेर आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले विद्यालय शिक्षाबाट वञ्चित बालबालिका तथा महिलाहरूको लागि कार्यक्रमहरू चलाउँदै आएको छ । यस अन्तर्गत शिक्षा सदन, चेलीबेटी, महिला शिक्षा आदि कार्यक्रमहरू सञ्चालिन छन् (अनौपचारिक शिक्षा २०६३ : ४३) ।

वि.सं. २०५५ मा राष्ट्रिय अनौपचारिक शिक्षा परिषद् गठन भयो । सोही परिषद हाल अनौपचारिक शिक्षा केन्द्रको रूपमा कार्यरत छ । यसैले हाल विभिन्न अनौपचारिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस मार्फत २०५७ देखि वैकल्पिक विद्यालय कार्यक्रम थालनी गर्दै २०६२/६३ मा बिचैमा कक्षा छोडेका बालबालिकाका

लागि कार्यक्रमको परीक्षण र २०६५ देखि साक्षरता अभियान सञ्चालनमा ल्याई हाल सबै नेपालीलाई साक्षर बनाई देश विकास गर्न "साक्षर बनौं क्षमता बढाऔं" कार्यक्रमका साथ दुई वर्षभित्रमा निरक्षरता उन्मूलन कार्यक्रम सञ्चालन भइ रहेका छन् (साक्षरता विशेषाङ्क, २०६६ : ५३) ।

## २.७ अनौपचारिक 'महिला साक्षरता कार्यक्रम'

अनौपचारिक शिक्षा केन्द्रले विविध कारणबाट शिक्षाको अवसर नपाएर निरक्षर रहन पुगेका महिला, प्रौढ र बालबालिकाहरूलाई अनुकूल समय मिलाई साक्षर गराउने कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यस केन्द्रले सञ्चालन गरेका कार्यक्रमहरू मध्येको महिला साक्षरता एउटा प्रमुख कार्यक्रम हो । यस केन्द्रले १५ वर्षमाथिका विशेष गरी पिछडिएका वर्ग तथा जनजातिका निरक्षर महिलाहरूलाई लक्षित गरी साधारण पढ्न लेख्नका साथै दैनिक व्यावहारिक विषय वस्तुहरू समेत सिकाउने उद्देश्यले निरक्षर महिलाहरूका लागि भनेर छुट्टै महिला साक्षरता कार्यक्रम सञ्चालन गर्दै आएको छ । निम्न लिखित कारणले महिला साक्षरता कार्यक्रम सञ्चालन गर्नु परेको छ :

- पुरुषको दाजोमा महिला साक्षरता प्रतिशत कहालि लाग्दो हुनु ।
- देशको आधाभन्दा बढी जनसङ्ख्या महिला छन् त्यसमा पनि निरक्षरता महिला सङ्ख्या बढी हुनु,
- निरक्षरताको कारणले विभिन्न सूचनाबाट वञ्चित हुनु,
- जबसम्म पिछडिएका महिलाहरूको क्षमता अभिवृद्धि गर्न सकिन्दैन तबसम्म देशको सर्वाङ्गीण विकास हुन नसक्नु,
- यिनै कुराहरूलाई ध्यान दिँदै महिलाहरूको विकासको लागि अनौपचारिक शिक्षा केन्द्रले निरक्षरहरूका लागि साक्षरताका साथ साथै जीवन उपयोगी अनौपचारिक शिक्षा प्रदान गरी पिछडिएको समुदायको महिलाहरूको जीवन स्तर उकास्न मद्दत पुऱ्याउने हेतुले महिलाहरूको लागि भनेर छुट्टै कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## २.८ अनौपचारिक भाषा पाठ्य पुस्तकको परिचय

अनौपचारिक भाषा पाठ्य पुस्तक भाषा पाठ्यक्रम अनुरूप तयार पारिएको एक उपयोगी र महत्त्वपूर्ण शिक्षण सामाग्रि हो । भाषा पाठ्य पुस्तक सहयोगी सहभागी दुवै थरीका लागि कक्षामा प्रस्तुत हुने आधिकारिक सामाग्रि मानिन्छ । हाम्रो जस्तो देशका विद्यालयमा हुने शिक्षण सिकाइका धेरैजसो कार्यकलाप पाठ्य पुस्तकमै केन्द्रित हुन्छन् । यसमा पनि अनौपचारिक शिक्षा प्राप्त गर्ने सहभागीहरूका लागि पाठ्य पुस्तक 'मुद्रित शिक्षक' नै भने पनि हुन्छ । हामीकहाँ तालिम प्राप्त र दक्ष शिक्षक/सहयोगीको निकै अभाव छ । विद्यालयहरूमा पर्याप्त अन्य शिक्षण सामग्री उपलब्ध नहुने स्थितिमा पठनपाठनका सबैजसो गतिविधि पाठ्य पुस्तकमा निर्भर हुन जान्छन् । भाषा पाठ्य पुस्तककै सहयोगले शिक्षक/सहयोगीले आवश्यकीय शिक्षण योजना बनाई सुनिश्चित प्रक्रिया र गोरेटो समाएर शिक्षण गर्न सक्छन् । भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने, भाषा पाठ्य पुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यबहारिक कार्यक्रम तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । हाम्रो जस्तो विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूका लागि भाषा पाठ्य पुस्तक सहभागी विद्यार्थीहरूको मानसिक, सांवेगिक, बौद्धिक पक्षलाई ध्यानमा राखेर निर्माण गरिएको हुन्छ । विद्यार्थीको रूची, आवश्यकता तथा सिकाइ प्रवृत्ति समेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी भाषा पाठ्य पुस्तक सहभागी विद्यार्थीहरूको मानसिक सांवेगिक वौद्धिक पक्षलाई ध्यानमा राखेर निर्माण गरिएको हुन्छ । विद्यार्थीको रूची आवश्यकत तथा सिकाइ प्रकृति समेतलाई ख्याल गरेर मनोवैज्ञानिक सिकाइ अनुक्रममा बाँधी भाषा पाठ्य पुस्तक तयार गरिएको हुन्छ । यसले विद्यार्थीहरूलाई दोहोऱ्याएर पढ्न, अभ्यास गर्न, गृहकार्य गर्न, कक्षाकार्य कलापलाई प्रभावकारी बनाउन मद्दत गर्छ । विद्यार्थीलाई स्वाध्ययन गर्न पनि महत्त्वपूर्ण सघाउ पुऱ्याउँछ (अधिकारी र शर्मा २०६५ : २४) ।

पाठ्य पुस्तक के हो ? भन्ने सन्दर्भमा विभिन्न शिक्षाविद्हरूको मत अभिव्यक्त भएको पाइन्छ । ती अभिव्यक्तिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

“पाठ्य पुस्तक भनेको कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण-सिकाइमा प्रयोग गरिने प्रमुख अध्ययन स्रोत र सामग्री हो ।” गुड (१९५९ : ५६७-५६८)

“विशेषज्ञहरूद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरू अँगाली सहर्कतापूर्वक तयार गरिएको कक्षा कोठामा प्रयोग गर्ने सामग्री नै पाठ्य पुस्तक हो ।” वेडन, ल्यारिस (१९६० : १५१७)

“सम्भवत : पाठ्य पुस्तक एउटा अति महत्त्वपूर्ण कुरा हो कनिभने यसको उपयोग जति औपचारिक शिक्षण सिकाइमा गरिन्छ त्यत्तिकै अनौपचारिक शिक्षण परिस्थिति र स्वाध्ययनको परिस्थितिमा पनि गरिन्छ । यो समग्र अन्य स्रोतभन्दा अत्यन्त सस्तो तथा बहुसङ्ख्यक विद्यार्थी र शिक्षकहरूका लागि पनि सुलभ स्रोत सामग्री हो ।” मिश्र (१९७० : १)

“पाठ्य पुस्तक आफ्नै ढङ्गले निर्मित भएको आफ्नै नैतिक सिद्धान्तद्वारा अन्य पुस्तकभन्दा भिन्न किसिमको हुन्छ, यो छनौट गरिएका विषयवस्तुहरूको व्यवस्थित नियन्त्रण, छनोट गरिएका विद्यार्थी समुहका लागि सावधानीपूर्ण सामग्री प्रस्तुती तथा शिक्षकको लागि सहयोग जस्ता कुराहरूमा आधारित हुन्छ ।” गुप्ता (१९८५ : ५)

“पाठ्य पुस्तक शिक्षकका लागि निर्देशक, पथ प्रदर्शक विद्यार्थीका लागि स्मरण स्रोत, एउटा स्थायी अभिलेख अथवा सिक्दै गरेका कुराको, एउटा सामान्यीकरण र सम्बन्ध सुत्र, भाषा सिकाइको एकीकृत तत्त्व, विद्यार्थीहरूको भाषा वैज्ञानिक अनुभव क्षेत्रलाई व्यापक बनाउने साधन र अन्तत अध्ययनका लागि अभ्यासभूमि हो । पाठ्य पुस्तक विद्यार्थीलाई आफ्नो शेष जीवनमा देशदेशावरका हावापानीमा अभ्यस्त बनाउने एक सशक्त मुद्रित सामग्री पनि हो ।” कोते म्वौला (१९७३ : ६)

"विद्यालय एवं विद्यार्थीहरूमा विद्यार्थीहरूलाई औपचारिक ढङ्गले पढाउने पुस्तक नै पाठ्य पुस्तक हो ।" नेपाली वृहत् शब्दकोश (२०५३ : ८१०)

"पाठ्यक्रममा आधारित रहेर तयार पारिने पुस्तक नै पाठ्य पुस्तक हो ।"

अधिकारी र शर्मा (२०५७ : २३)

यसरी पाठ्य पुस्तक भनेको औपचारिक वा अनौपचारिक रूपमा शिक्षण गर्नका लागि पाठ्यक्रम अनुरूप तयार गरिएको महत्त्वपूर्ण अथवा आधिकारिक पाठ्य सामग्री हो । भाषा पाठ्य पुस्तकमा भाषालाई साधन र साध्य दुबै रूपमा लिइन्छ । अन्य विषयका पाठ्य पुस्तकमा विषयवस्तु साध्य र भाषा साधनका रूपमा प्रयोग हुन्छन् । अनौपचारिक भाषा पाठ्य पुस्तक विषयवस्तु साध्य र भाषा साधनका रूपमा प्रयोग हुन्छन् । अनौपचारिक भाषा पाठ्य पुस्तक सहभागी विद्यार्थीहरू र सहयोगी कार्यकर्ता दुबैका लागि भाषा शिक्षण गर्ने प्रमुख साधन हो ।

## २.९ भाषा पाठ्यक्रम र भाषा पाठ्य पुस्तकको सम्बन्ध

पाठ्यक्रम भनेको कुनै पनि विषय शिक्षण सिकाइको योजनाबद्ध कार्यक्रम हो । हरेक विषयका आ आफ्नै प्रवृति र सिकाइ प्रवृत्ति अनुसार पाठ्यक्रमका स्वरूप पनि भिन्न भिन्न किसिमका हुन्छन् । तसर्थ भाषा पाठ्यक्रमका स्वरूप पनि अन्य विषयका पाठ्यक्रमभन्दा भिन्न किसिमको हुन्छ । फेरि हरेक तह वा कक्षा अनुरूप भाषा पाठ्यक्रमका आकार, प्रकार र स्तर पनि फरक फरक हुन्छन् । भाषा पाठ्यक्रम कुनै पनि तहका लागि भाषिक आवश्यकताको विश्लेषण गरी तिनै आवश्यकताहरू परिपूर्ति गर्ने ध्येयले तयार पारिन्छ । उपयुक्त किसिमका उद्देश्य, विषय वस्तु, शिक्षण प्रक्रिया, मुल्याङ्कन प्रक्रिया, अङ्कभार र समयभार आदिको व्यवस्थित तर्फमा गरेर निर्माण गरिएको भाषा शिक्षण सिकाइको मूल निर्देशन हो भन्न सकिन्छ । (शर्मा र पौडेल, २०६० : ३५३)

पाठ्यक्रमले निर्देशित गरेका उद्देश्य तय गरेका विषय वस्तु, सूचित गरेका शिक्षण प्रक्रिया र मूल्याङकन प्रक्रियाहरूको सीमाभित्र बाँधिएर तयार गरिएको

आधिकारिक सामग्रीलाई पाठ्य पुस्तक भनिन्छ । विद्यार्थीहरूलाई पाठ्यक्रमको उद्देश्य अनुसार पढ्न र अभ्यास गर्न सघाउ पुऱ्याउने आधार सामग्री पाठ्य पुस्तक हो । शिक्षकलाई उद्देश्य अनुसार योजनाबद्ध ढङ्गले शिक्षण गर्न र अभ्यास गराउन मद्दत पुऱ्याउने शिक्षण सिकाइको अपरिहार्य सामग्रीका रूपमा पाठ्य पुस्तकलाई लिन सकिन्छ ।

पाठ्यक्रमका उद्देश्यपूर्ति गर्न चाहिने सामग्री वा साधनमध्ये महत्त्वपूर्ण साधन पाठ्य पुस्तक हो । पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीलाई कुन तहमा के सिकाउने, कति सिकाउने, किन सिकाउने, कसरी सिकाउने भन्ने विषयको सैद्धान्तिक निर्देशन प्रदान गरेको हुन्छ । पाठ्य पुस्तक भने पाठ्यक्रमका सिद्धान्त र दर्शनलाई व्याबहारिक उपयोगमा ल्याउने प्रयोगभूमि हो भन्न सकिन्छ ।

अनौपचारिक भाषा पाठ्य पुस्तक भाषा पाठ्यक्रमको अर्थ अनुसार तयार गरिएको हुन्छ । विद्यार्थीहरूको भाषा सिकाइ प्रकृति रूची, स्तर, क्षमता आवश्यकता भाषिक अनुभव तथा पृष्ठभूमि आदिलाई ख्याल गरी भाषा पाठ्य पुस्तक निर्माण गरिएको हुन्छ । अनौपचारिक भाषा पाठ्य पुस्तक औपचारिक शिक्षाको पहिलो घामबाट वञ्चित भएका नेपाली भाषाका अध्येताहरूलाई शिक्षा प्रदान गर्न तयार पारिएको हो (शर्मा र पौडेल, २०६० : ३५३) ।

माथि उल्लेखित विभिन्न छलफलबाट के कुरा प्रस्ट हुन्छ भने भाषा पाठ्य पुस्तक भाषा पाठ्यक्रमको मर्म अनुरूप, उपयोगी तथा सान्दर्भिक रूपमा तयार पारिएको हुन्छ । कतिपय सन्दर्भमा पाठ्य पुस्तकलाई पाठ्यक्रमकै पूरक विकल्पका रूपमा पनि लिन सकिन्छ ।

## २.१० भाषा पाठ्य पुस्तक विश्लेषण प्रक्रिया

भाषा पाठ्य पुस्तकलाई दुई आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ । ती हुन आन्तरिक वा शैषिक आधार र बाह्य वा भौतिक आधार आन्तरिक वा शैक्षिक आधार अन्तर्गत विषयवस्तु विधा र प्रस्तुति, भाषा, नमुना, अभ्यास, चित्र भूमिका तथा

निर्देशन पर्दछन् । बाह्य वा भौतिक पक्ष अन्तर्गत पाठ्य पुस्तकको आकार प्रकार आवरण, पृष्ठ, छपाई, अक्षरको आकार, कागजको स्तर, बधाई, मूल्य, सुलभता, विषय सूची शब्द सूची आदि पर्दछन् । भाषा पाठ्य पुस्तकको विश्लेषणका यी दुबै पक्षहरूको यहाँ वर्णन गरिएको छ ।

## २.११ आन्तरिक वा शैक्षिक आधार

भाषा शिक्षण सिकाइका दृष्टिले विशेष महत्त्व राख्ने आन्तरिक कुराहरूलाई भाषा पाठ्य पुस्तकले के कति समावेश गरेको छ भन्ने कुरा सर्वाधिक महत्त्वपूर्ण कुरा हो । देख्दा जतिसुकै आकर्षक पाठ्युपुस्तक भएपनि यदि त्यो भाषा शिक्षणका दृष्टिले आन्तरिक रूपमा कमजोर छ भने त्यसको कुनै मुख्य र महत्त्व हुँदैन । पाठ्य पुस्तक पढ्न र अभ्यास गर्न तथा भाषिक अपेक्षा हासिल गर्न प्रभावकारी सहयोग पुऱ्याउने खालको हुनु अति आवश्यक छ । यसरी प्रभावकारी सहयोग पुऱ्याउने विशेषता नै आन्तरिक वा शैक्षिक/प्राज्ञिक विशेषता हुन् । भाषा पाठ्य पुस्तकका आन्तरिक विशेषताहरूलाई यहाँ उल्लेख गरिएको छ ।

### २.११.१ विषयवस्तु

भाषा पाठ्य पुस्तकमा समाविष्ट विषय वस्तुहरू सहभागी विद्यार्थीहरूको क्षमता आवश्यकता रूची तथा पूर्वज्ञानसँग सम्बन्धित हुन ुपर्दछ । यस्ता विषय बस्तुले भाषिक सिपको अभिवृद्धि गर्न प्रशस्त सहयोग गर्नुपर्दछ । असल भाषा पाठ्य पुस्तकमा विषय बस्तु चयन गर्दा विषय विधा तथा शैलीगत नवीनतालाई ध्यान दिनु पर्दछ । विषय बस्तु समसामयिक जनचेतनामूलक महिला हकहित, आय आर्जनका विषयवस्तु हुन ुपर्दछ । सिकारुको शारीरिक मानसिक क्षमता तथा सामाजिक वातावरण अनुसार रूचीपूर्ण हुनु पर्दछ । पाठ्य सामग्री तथा पाठ्य बस्तुहरू शिक्षणका सूत्रहरूमा आधारित प्रयोगात्मक सिप मूलक र व्याबहारिक हुनुपर्दछ । सांस्कृतिक एवं धार्मिक सहिष्णुता र सौहार्दतालाई प्रोत्साहन दिने, कामप्रति आस्था जगाउने, एकता र

आत्मीयताको प्रबर्द्धन गर्ने विषयवस्तु हुनु पर्दछ । सामान्य अङ्क ज्ञान सम्बन्धि विषयवस्तु पनि राखिनु पर्छ ।

## २.११.२ विधा र प्रस्तुति

भाषा पाठ्य पुस्तकमा विधागत विविधता हुनु पर्दछ । ती विधाहरूका बिचमा आवश्यक सयोंजन पनि हुनु पर्दछ । भाषा पाठ्य पुस्तकको विषय वस्तु छनौट र स्तरण गर्दा विद्यार्थी/सहभागीहरूको उमेर, बौद्धिक स्तर पूर्व अनुभव जस्ता पक्षमा ख्याल गर्नु पर्दछ । विधागत प्रस्तुति शिक्षण सूत्र अनुरूप हुन पर्दछ । छनौट गरीएका पाठ्य वस्तु चक्रीय रूपमा प्रस्तुत गर्दा पुनरावृत्ति हुनाको साथै अभ्यास भइ रहने हुँदा अध्ययन अध्यापन प्रभावकारी हुन्छ (अधिकारी र शर्मा, २०५ : २६) ।

## २.११.३ भाषिक संरचना, शैली र शब्द भण्डार

पाठ्य पुस्तक भित्र प्रयुक्त भाषिक संरचनाको समग्र स्तर नै भाषा हो । भाषिक संरचना र शैलीको सरलता र गहनताले भाषा पाठ्य पुस्तकको स्तरगत उपयुक्तताको पहिचान र मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ । भाषा पाठ्य पुस्तकमा प्रयोग हुने भाषा विद्यार्थीहरूको स्तर अनुरूप सरल र व्यबहारिक तथा रुचिपूर्ण हुनु पर्दछ । भाषिक संरचना अन्तर्गत प्रयोग हुने ढाँचाहरू शुद्ध, सन्दर्भपूर्ण र रोचक हुनु आवश्यक ठानिन्छ । भाषाका पाठ्य पुस्तकमा विषय वस्तुलाई रसिलो वनाउन भाषिक संरचना शैलीको प्रमुख हात हुन्छ । भाषिक संरचनाको सन्दर्भमा तल्लो तहदेखि माथिल्लो तहसम्म व्याकरण शिक्षण छुट्टै नगरी विधागत रूपमा पाठकै आधारमा प्रयोग गराउनु उपयुक्त हुन्छ ।

भाषा पाठ्य पुस्तकको स्तरगत उपयुक्तता वा अनुपयुक्तताको मापन गर्ने अर्को महत्त्वपूर्ण विशेषता भनेको त्यसमा प्रयुक्त शब्द भण्डार पक्ष पनि हो । शब्द भण्डारको आपसी संयोजन र सङ्गतीले भाषा तयारस भएको हुन्छ । यसर्थ भाषा पाठ्य पुस्तकमा प्रयुक्त शब्द भण्डार विद्यार्थीका भाषिक पृष्ठभूमि, स्तर र आवश्यकता अनुरूप हुनु पर्दछ । सुरु सुरुमा आधारभूत शब्द र क्रमशः नजानिदो ढङ्गले सरलदेखि

जटिलताको क्रममा अन्य प्राविधिक अनुकरणात्मक श्रुतिसम भिन्नतार्थक, विपरीतार्थक पर्याय र अनेकार्थक, एकल, सङ्क्षिप्त आदि शब्द आवश्यकता अनुसार प्रयोग गर्नु पर्दछ । तल्लो कक्षामा भन्दा माथिल्लो कक्षामा बढीमा २० प्रतिशत मात्र नयाँ शब्द थप्ने सचेतता अपनाउनु पर्दछ । पाठमा प्रयुक्त कठिन अथवा नवीन शब्दलाई गाढा कालो रङ् अङ्कन गरेर पृष्ठको पुछारमा तिनको अर्थ दिनु राम्रो हुन्छ, (शर्मा र पौडेल, २०६० : ३६१ - ६३) ।

### २.११.४ नमुना अभ्यास

नमुना अभ्यास पाठ्य पुस्तकको अभिन्न अङ्ग हो । यसमा दिइने निर्देशन स्पष्ट हुनु पर्दछ । त्यसमा पर्याप्त विविधता र सिर्जनशील हुनु पर्दछ । (अधिकारी र शर्मा, २०६५ : २७) तसर्थ भाषिक अभ्यास प्रयोगमूलक हुनु आवश्यक छ । अभ्यासको स्तर पनि कक्षाको स्तर सहभागी विद्यार्थीको क्षमता रुचि र सिकाइ प्रवृत्ति अनुरूप तय गरिएका हुनु पर्दछ । सरलदेखि जटिलको क्रममा अभ्यासलाई स्तरीकृत गरिएको हुनु पर्दछ । स्तर र आवश्यकता हेरी सुनाइ, वोलाइ, पढाइ र लेखाइ सबैको सन्तुलित अभ्यास हुने गरी व्यवस्था मिलाउनु पर्दछ (शर्मा र पौडेल, २०६० : ३६३) नमुना अभ्यासहरू पाठ्यवस्तु तथा विषयवस्तुगत उद्देश्य बमोजिम तयार गर्नु पर्दछ ।

### २.११.५ चित्र

सिकाइ प्रक्रिया गहन र जटिल हुने भएकोले यसलाई सरल र सहज बनाउने वस्तु तथा चित्रले ठूलो मद्दत पुऱ्याउँछ । खास गरी प्रौढ महिला दिदि बहिनीहरूको लागि निर्माण गरिने हुँदा उनीहरूको आँखाले भ्याउने किसिमले निर्माण गर्नु पर्ने हुन्छ । चित्रले अमूर्त धारणालाई मूर्त रूप दिने बौद्धिक ज्ञानलाई तिखार्ने र स्पष्ट धारणा निर्माण गर्न सक्ने किसिमको हुनु पर्दछ । चित्रको आकार सिकारुको क्षमता अनुरूप हुनु पर्दछ प्रौढ कक्षामा आउने महिला दिदी बहिनीको क्षमता एकै प्रकारको हुँदैन । त्यसैले उनीहरूको स्तरलाई हेरेर चित्र सफा, स्पष्ट भन्न खोजेको कुरा चित्रले बताउन

सकोस् । प्रारम्भिक तहमा उपयोग गरिने चित्रहरू रङ्गीन, स्पष्ट, ठुलो र वस्तुगत किसिमका हुनु आवश्यक मानिन्छ (शर्मा र पौडेल, २०६० : ३६४) ।

### २.११.६ भूमिका तथा निर्देशन

भूमिका पाठ्य सामग्रीको परिचयात्मक खण्ड हो । यसमा पाठ्य पुस्तकका लेखक, सम्पादक, प्रकाशकीय शिक्षक, मूल्य, विषय सूची प्रकाशन गरिएको वर्ष आदि पर्दछन् । पाठ्य पुस्तक सम्बन्धी आवश्यक जानकारी तथा शिक्षकहरूलाई समेत पाठ्य पुस्तकको शिक्षण पद्धति सङ्क्षेपमा जानकारी दिने काम यस खण्डमा गरिन्छ (शर्मा र अधिकारी २०६५ : २७) ।

## २.१२ बाह्य वा भौतिक पक्ष

भाषा पाठ्य पुस्तकका बाह्य वा भौतिक विशेषताहरूलाई परिधीय विशेषता पनि भनिन्छ । यसभित्र पाठ्य पुस्तकका बाह्य स्वरूप अर्थात वनोट अक्षराकार र ठाउँ छोडाइ, छपाइ र बधाइ, कागतको स्तर, मूल्य, सुलभता आदि पर्दछ । झट्ट हेर्दा भाषा पाठ्य पुस्तक कस्तो हुनु पर्ने त्यसको आकार प्रकार तथा विविध प्राविधिक पक्षहरू के कस्तो हुनु पर्ने भन्ने कुरा नै यसको बाह्य वा भौतिक पक्ष हो । यहाँ भाषा पाठ्य पुस्तकका बाह्य वा भौतिक विशेषताहरूको क्रमशः चर्चा गरिएको छ ।

### २.१२.१ बनोट

भाषा पाठ्य पुस्तकको बनोट भन्नाले स्वरूप, आकृति वा आकार भन्ने बुझ्नु पर्दछ । भाषा पाठ्य पुस्तक आकर्षक बनोटले युक्त हुनु पर्दछ । आवरण पृष्ठ विद्यार्थीका दृष्टिले कलात्मक, आकर्षक र बलियो पनि हुनु पर्दछ । "पाठ्य पुस्तकको आवरण पृष्ठमा पाठ्य पुस्तकको विषय बस्तु र त्यसको उद्देश्य झल्कने खालको हुनु पर्दछ । असम्बन्धित प्रवृत्तिका भाव झल्किने चित्र आवरण पृष्ठमा राखिनु उपयुक्त हुँदैन" (ढुङ्गेल र दाहाल २०५६ : ६८) । बाहिरी आवरणलाई प्लाष्टिक कोटेड गर्न सकेमा मैलने फोहोर हुने, भिज्ने कुराबाट जोगाउन सकिन्छ । "आकार प्रकारका

दृष्टिले प्राथमिक तहका लागि १२ इन्च चौडाइ र १६ यन्च लम्बाइ तथा त्यसभन्दा माथिल्ला तहमा १० इन्च चौडाइ र १३-१४ इन्च लम्बाइ भएका पाठ्य पुस्तक व्याबहारिक आकारका हुन्छन्" (शर्मा र पौडेल, २०६० : ३६०) ।

### २.१२.२ **अक्षरको आकार**

आवरण पृष्ठ, शीर्षक, उपशीर्षक, आदिमा प्रयोग हुने अक्षरको आकार विद्यार्थीहरूको उमेरका दृष्टिले उयुक्त हुनु पर्छ । सामान्यत साना उमेरका बालबालिकाका लागि उनीहरूको दृष्टि क्षमता सुहाउँदो हुने गरी ठूलो अक्षरको उपयोग गर्नु पर्दछ । अनौपचारिक प्राथमिक शिक्षा दोस्रो तहमा अध्ययन गर्ने सहभागीहरूको उमेर ८-१४ वर्ष हुने अक्षरको आकार १४ प्वाइन्टसम्म उपयुक्त मानिन्छन् । पाठ वा मुख्य शीर्षक अपेक्षाकृत ठुला, उपशीर्षकहरू त्यसभन्दा कम र पाठ्यांशहरू र अभ्यासहरूका अक्षर उपशीर्षकभन्दा केही कम आकारमा प्रस्तुत गरिनु राम्रो हुन्छ (शर्मा र पौडेल, २०६० : ३७०) ।

त्यसै गरी अक्षर अक्षर बिचको अन्तराल, शब्द शब्दबिचको अन्तराल र पङ्क्ति - पङ्क्तिबिचको अन्तराल वा ठाउँ छोडाइमा पनि विशेष ख्याल राखिनु आवश्यक मानिन्छ ।

### २.१२.३ **छपाइ र बँधाइ**

पाठ्य पुस्तक छपाइका लागि मसी नउड्ने तथा नफुत्ने किसिमको हुनु पर्दछ । विद्यार्थीहरूको तह अनुसार रङ्गमा विविधता वा एक रूपताको प्रयोग गर्न सकिन्छ । शीर्षक, उपशीर्षक तथा सङ्केतहरूलाई गाढा चहक दिएर छाप्नु उपयुक्त हुन्छ । त्यस्तै विशेष शब्द वाक्य तथा प्रभावपरक चिनारी गराउन गाढा चहकको रेखाङ्कन गरेर पनि छपाइ प्रबन्ध मिलाउनु पर्दछ । त्यसै गरी अन्तराल र छोडाइलाई पनि विशेष ख्याल राखेर उपयुक्त छपाइ प्रबन्ध मिलाउनु आवश्यक हुन्छ । भाषा पाठ्य पुस्तकको छपाइ र मुद्रणले विद्यार्थीमा विशेष छाप र प्रभाव पार्ने भएकाले अस्तव्यस्त किसिमको छपाइ नहोस् भन्ने कुरामा ध्यान दिनु आवश्यक हुन्छ । वर्ण विन्यास शुद्धि र व्याकरणात्मक शुद्धिमा बिलकुलै त्रुटि गरिनु हुँदैन (शर्मा र पौडेल, २०६० : ३६२) ।

भाषा पाठ्य पुस्तकको बँधाइ प्रविधि मजबुत र वैज्ञानिक हुनु पर्दछ । छिट्टै पाना उप्किने गरी बधाइ गरिनु हुँदैन । कागजलाई बलियो धागोले सिएर, बलियो स्टेप्लरले क्लिप गरेर, गमले अथवा फेबिकोलले बलियो गरी चिप्काएर मजबुत बधाइ गर्नु पर्दछ । यसरी बधाइ गर्दा सबै पाना राम्रोसँग पल्टाउन सकिने, अक्षर नछोपिने कुरामा ध्यान दिनु पर्दछ ।

### २.१२.४ **कागजको स्तर**

सामान्यता चिल्लो, सेतो र दुबैतिर छाप्दा एकबाट अर्कोतिर नदेखिने बाक्लो कागजमा पाठ्य पुस्तक छापिनु पर्छ । कागज यदि खस्रो, पातलो र कमसल खालको छ भने त्यो अनाकर्षक र अप्रभावकारी हुनाका साथै भट्टै च्यातिने दोब्रिने भई काम नलाग्ने किसिमको हुन्छ । त्यसमा पनि तल्लो तहको लागि भाषा पाठ्य पुस्तक त भन् बलियो राम्रा र उच्चस्तरीय कागजहरूले निर्मित हुनु पर्दछ । तल्लो स्तरका विद्यार्थीहरूले पाठ्य पुस्तकको हिफाजत वा जतन गर्न सक्तैनन् । भट्टै च्यातिने र सड्ने कागजले विद्याथीको पढ्ने, अभ्यास गर्ने र पाठ्य पुस्तकसँग खेलि रहने रहर र उत्साहमा शिथिलता ल्याउँछन् (शर्मा र पौडेल, २०६० : ३७२) ।

### २.१२.५ **मूल्य**

भाषा पाठ्य पुस्तकको मूल्य नाफा कमाउने उद्देश्यले निर्धारण गर्नु हुँदैन । भन् अनौपचारिक शिक्षा कार्यक्रमका लागि तयार पारिएका पाठ्य पुस्तक निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाए धेरै राम्रो हुन्छ । शिक्षालाई व्यापारिक दृष्टिले अगाडि नबढाई प्राज्ञिक ढङ्गले अगाडि बढाउन पाठ्य पुस्तकमा राखेको मूल्यले पनि सङ्केत गर्दछ । कमजोर आर्थिक अवस्था भएकाले पनि किन्न सक्ने गरी नाफा न घाटाको सिद्धान्त अपनाइ मूल्य राखिनु उपयुक्त हुन्छ, (शर्मा र पौडेल, २०६० : ३७३) ।

### २.१२.६ **सुलभता**

भषाका पाठ्य पुस्तक अनौपचारिक शिक्षा वा औपचारिक शिक्षामा सञ्चालन गरेको स्थानमा समयमा उपलब्ध गराउनु पर्दछ । सहरी क्षेत्रमा होस् वा दुर्गम क्षेत्रमा होस् भाषा पाठ्य पुस्तक सर्वसुलभ रूपमा उपलब्ध हुनु आवश्यक छ । शैक्षिक सत्र

प्रारम्भ भएपछि विद्यार्थीले पाठ्य पुस्तक प्राप्त गर्न सकेमा शिक्षामा वाधा पर्दैन । यदि समयमा पाठ्य पुस्तक उपलब्ध भएन भने पाठ्यक्रमको उद्देश्यहरू पुरा हुन सक्दैन ।

### २.१२.७ **विषय सूची**

भाषा पाठ्य पुस्तकमा पाठ सुरु हुनु अगावै विषय सूची राखिन्छ । विषय सूचीमा क्र.स., पाठ शीर्षक, विधा, रचनाकार एवं पृष्ठ सङ्ख्या स्पष्टरूपमा खुलाइएको हुनु पर्दछ ।

### २.१२.८ **शब्द सूची**

भाषा पाठ्य पुस्तकमा प्रयोग गरिने महत्त्वपूर्ण पक्ष शब्द सूची पनि हो । भाषिक सिपको अभिवृद्धिका लागि नयाँ नयाँ शब्दहरू निश्चित अनुपातमा थप्दै लैजानु पर्छ शब्दहरूको जानकारी लिनको लागि पाठ्य पुस्तकमा शब्द र अर्थ सूचीबद्ध रूपमा प्रत्येक पाठको अन्त्यमा दिइएको हुन्छ । यसरी शब्दार्थ सूची पाठ्य पुस्तकमै राखिने हुनाले विद्यार्थीहरूलाई ती शब्दहरूको बारेमा जानकारी लिन सजिलो हुन्छ (शर्मा र पौडेल, २०६० : ३७४) ।

### २.१२.९ **निश्कर्ष**

अनौपचारिक भाषा पाठ्य पुस्तक पाठ्यक्रमले निर्धारित गरेका उद्देश्य पूर्तिका लागि सामग्री सङ्कलन गरी बिशेषज्ञद्वारा तयार पारिएको पाठ्य पुस्तक हो । भाषा पाठ्य पुस्तकको अध्ययनका आन्तरिक आधारहरूमा विषय बस्तु विधार प्रस्तुति भाषिक संरचना शब्द भण्डार र नमुना अभ्यास आदिको अध्ययन विश्लेषण गरिएको छ । यसका साथै बाह्य वा भौतिक आधारहरूमा आवरण पृष्ठ, छपाइ, बनोट, कागज आदि कुराहरूमा आधारित रही अध्ययन विश्लेषण गरिएको छ । अनौपचारिक शिक्षाका पाठ्य पुस्तक औपचारिक शिक्षाको जस्तो भने हुँदैन । कडा अनुशासनमा राखेर यसको शिक्षण गरिँदैन तर पाठ्य पुस्तकको व्याख्या विश्लेषण गर्दा दुबैमा समान तरिका अपनाएको पाइन्छ ।

## अध्याय तिन

# पाठ्यक्रम अनुरूपताको आधारमा महिला साक्षरता पुस्तकको विश्लेषण

पाठ्यक्रमविना शिक्षण प्रक्रिया अधुरो अपुरो हुन्छ । त्यसैले शिक्षाको उद्देश्य प्राप्त गर्न पाठ्यक्रमको आवश्यकता नितान्त रहेको छ । भाषा पाठ्य पुस्तकको विश्लेषणको प्रमुख आधारको रूपमा पाठ्यक्रमलाई लिइन्छ । पाठ्यक्रमको निर्दिष्ट उद्देश्य अनुरूप नै शैक्षिक पद्धतिलाई अगाडि बढाइन्छ । यस अनुरूप अनौपचारिक शिक्षा अन्तर्गत महिला साक्षरता पुस्तक पाठ्यक्रम अनुरूप तयार गरिएको छ वा छैन भनी हेर्ने प्रयास गरिएको छ। पाठ्य पुस्तकको विश्लेषण निम्न आधारमा गरिएको छ :

१. सिपगत उद्देश्यको आधारमा 'महिला साक्षरता पुस्तको विश्लेषण'
२. पाठ्यक्रममा राखिएको विषयवस्तुको क्षेत्र र क्रमहरू

## ३.१ सिपगत उद्देश्यको आधारमा 'महिला साक्षरता पुस्तकको विश्लेषण'

अनौपचारिक शिक्षाको पाठ्यक्रम महिलाहरूलाई सामान्य साक्षर बनाउने अङ्कहरू चिनाउने उद्देश्यहरू राखेर तयार पारेको हुनाले यसले पढाइ र लेखाइलाई विशेष जोड दिएको पाइन्छ । महिला साक्षरता पाठ्यक्रमले विषयवस्तुलाई (७) वटा भागमा बाँडेर प्रस्तुत गरिएको छ । ती (७) भागमा (२३) विषय बस्तुलाई समावेश गरिएको छ । यस अन्तर्गत पढाइ र लेखाइको विकास गर्न के कस्ता अभ्यासहरू राखिएको छ भनी विश्लेषण गर्ने प्रयास गरिएको छ :

### ३.१.१ महिला साक्षरता आधारभूत तहको विषय बस्तुको विस्तृतीकरण

| क्र.सं. | भषिक सिप | गणितीय सिप | कार्यमूलक सन्देश/सिप | प्रस्तुतीकरण ढाँचा |
|---|---|---|---|---|
| १. | ) अक्षर स्वर - आ<br>) व्यञ्जन - म | पूर्व सङ्ख्या क्रियाकलाप र १ | सुरक्षित मातृत्व र बाल विकास | ) सन्देश मुलक छलफल गराउने |

| | | | | |
|---|---|---|---|---|
| | • मत्रा - ा (आकार) को पढाइ लेखाइ | देखि ५ सम्म रेखाको आधारमा सङ्ख्या गन्ती गर्ने | | चित्र<br>• मुख्य शब्द<br>• शब्द भाग<br>• चित्रको नयाँ अक्षरसँग सम्बन्ध<br>• मात्रा<br>• लेखाइ अभ्यास<br>• शब्द बाकस<br>• अभ्यास र गणित |
| २. | • वर - अ, इ<br>• व्यञ्जन - ह, ल<br>• मात्रा - ि (ईकार) को पढाइ, लेखाइ | १ देखि ५ सम्मका सङ्ख्या र अङ्कहरू गन्ती गर्ने र लेख्ने | • समुदायमा पहिलाको अवस्था<br>• लैङ्गिक समानता<br>• महिलाले गर्न सक्ने कार्यहरू | • सन्देशमूलक छलफल गराउने चित्र<br>• मुख्य शब्द<br>• शब्द भाग<br>• चित्रको नया अक्षरसँग सम्बन्ध<br>• मात्रा |
| ३. | • स्वर - ए<br>• व्यञ्जन - प<br>• मात्र (एकाइ) पढाइ लेखाइ | अङ्क ज्ञान (१ देखि १०) सम्म अङ्क चिन्ने पढ्ने र लेख्ने | परिवारमा आपसी सहयोग र मेलमिलाप | स-साना वाक्यांश पढाइ लेखाइ अभ्यास |

| | | | | |
|---|---|---|---|---|
| ४. | व्यञ्जन व, र पढाइ लेखाइ | ११ देखि २० सम्म गन्ती गर्ने चिन्ने र लेख्ने<br>जेड न्हि (+) र योगफल ९ सम्म आउने शाब्दिक समस्या चित्रद्वारा हल गर्ने | घरेलु उद्योगको आवश्यकता<br>स्थानीय कच्चा पदार्थमा आधारित सिपमूलक काम<br>पशुपालन | |
| ५. | व्यञ्जन - क, ख, न<br>वाक्यांशमा संवाद, पढाइ र शब्द लेखाइ | जोड चिन्ह प्रयोग गरी योगफल ९ सम्म आउने तथ्यको धारणा | लैङ्गिक समानता<br>बैङकिङ्ग सेवा<br>परिवार नियोजन ( जन्मान्तर, परिवार) (नियोजनका तरिकाहरू कलुतबाट छोराछोरी जोगाउने, जिम्मेवारी) | चित्रकथा, संवाद<br>प्रश्नवाचक चिन्हको प्रयोग |
| ६. | स्वर - ई, ओ<br>व्यञ्जन - ६<br>मत्रा - ो (ओकार) ी (दीर्घ ईकार)<br>न्या अक्षर छ, ओ ई को पढाइ लेखाइ र दीर्घ | जोडको पुनरावलोकन र घटाउ चिन्ह चिनाइ एक अङ्कको सङ्ख्यालाई एक अङ्कको | घटना दर्ता<br>जन्मान्तर<br>बालबालिकाहरूलाई शिक्षा दिलाउने | विवाह तथा जन्म दर्तासम्बन्धी चित्र कथा |

| | | | | |
|---|---|---|---|---|
| | इकार र ओकारको चिनारी<br>• हलन्तको चिनारी<br>• ७, ८ वाक्यको अनुच्छेद पढाइ | सङ्ख्या घटाउने | | |
| ७. | • व्यञ्जन - स, फ<br>• अक्षर स, फ तथा अनुच्छेदको पढाइ लेखाइ | १ देखि १०० सम्म पढ्न, लेख्न तथा हातलागी नआउने र स्थानमा सङ्ख्यालाई स्थान मान तालिका प्रयोग गरी जोड्ने | • सरसफाइको आवश्यकता महत्त्व र सफाइ गर्ने तरिका<br>• बिकासमा जन सहभागिता<br>• रुढिवादी परम्परा | • अनुच्छेद चित्र कथा |
| ८. | • व्यञ्जन - ज, त, प<br>• अनुच्छेद - ७, ८<br>• वाक्यको अनुच्छेद पढाइ | • १०० देखि १५० सम्म पढ्न लेख्न<br>• २ अङ्कको सङ्ख्याबाट एक अङ्कले बनेको सङ्ख्या घटाउन<br>• जोडबाट घटाउको सम्बन्ध बताउन | • नेतृत्वको बिकास<br>• नेतृत्व बहन<br>• नेतृत्व सिप<br>• असल र खराव नेतृत्वको पहिचान<br>• मतदान | • चुनाव चिन्हहरू चित्रात्मक अभ्यास<br>• घटना अध्ययन |
| ९. | • स्वर - उ | • १५१ देखि | • महिला नेतृत्व | • चित्रात्मक |

| | | | | |
|---|---|---|---|---|
| | ) व्यञ्जन - ग, व<br>) मात्रा - , (उकार)<br>) न्या अक्षर ग, उ को पढाइ लेखाइ | २०० सम्म अङ्क ज्ञान<br>) भषागत र अङ्कको सापट नलिने घटाउ | ) आय आर्जन<br>) व्याबसाय | अभ्यास |
| १०. | ) नयाँ अक्षर घ, उ अं को पढाइ लेखाइ र नया चन्द्रविन्दुको चिनारी<br>) ७, ८ वाक्यको अनुच्छेद | ) गुणन चिन्ह चिन्ह जोडको प्रक्रियाबाट एक अङ्कको सङ्ख्यालाई गुणन गर्ने | ) धुवाँबाट हुने असर<br>) स्वास्थ्यको महत्त्व<br>) धुवाँरहित चुल्हो | ) गीत, अनुच्छेद अभ्यास जोडेमोडेका शब्द अभ्यास |
| ११. | ) ए, द को पढाइ लेखाइ<br>) अनुच्छेद पढाइ | ) ११० देखि दस दसको फरकमा हजारसम्म चिन्ह पढ्ने र लेख्ने<br>) भग - चिन्ह चिनाइ चित्र र अङ्कको प्रयोग गरी एक अङ्कको सङ्ख्यालाई एक अङ्कको सङ्ख्याले भाग गर्ने | ) वतावरण संरक्षणमा व्यक्तिको दायित्व<br>) सामुदायिक वनको आवश्यकताााा महत्त्व<br>) वृक्षरोपण र नर्सरी | ) आत्मकथा |

| | | | | |
|---|---|---|---|---|
| १२. | नयाँ अक्षर ध, ट को पढाइ लेखाइ र र् (रेफको चिनारी) | ) १००० सम्मको अङ्कको पुनरावलोकन<br>) एकको स्थानमा हातलागी आउने जोड | ) साधारण चोटपटक<br>) प्राथमिक उपचार घरायसी सामानहरूको व्यवस्थित रखाइ | घटना विवेचना चित्र कथा |
| १३. | नयाँ अक्षर च, ड को पढाइ, लेखाइ र अनुच्छेद पढाइ | ) समयको फरकमा १००० देखि ५००० सम्मको सङ्ख्या चिन्ने पढ्ने र लेख्ने<br>) दुई अङ्कको सापट लिने, घटाउ शाब्दिक समस्या हल गर्ने | ) बिभिन्न स्थानीय चाडपर्वहरू<br>) विभिन्न धर्म र संस्कृति<br>) परम्परा | ) अनुच्छेद<br>) चित्रात्मक अभ्यास<br>) शब्द बनाउने खेल<br>) चित्रकथा |
| १४. | ) अक्षरको झ, ड को पढाइ लेखाइ<br>) अनुच्छेद पढाइ | ) स्थानसम्मको सङ्ख्यालाई स्थानको सङ्ख्याले एकको स्थानमा हातलागि आउने गुणन गर्ने । | ) स्थानीय उपलब्ध खाद्य वस्तुबाट पोसिलो खाने तरिका<br>) जीवनजल तयारी र प्रयोग<br>) आवश्यक खोपहरू | खोत तालिका, पुनर्जलीय उपचार |

| | | | | |
|---|---|---|---|---|
| १५. | अक्षर ष, ण को पढाइ लेखाइ | १ अङ्कको सङ्ख्याले २ अङ्कलाई शेष नआउने भाग | ) पौष्टिक तत्वहरू<br>) कुपोषण | ) गाउखाने कथा<br>) छोटो कथा |
| १६. | नयाँ अक्षर, य श, क्ष, र औ को पढाइ लेखाइ | ) एक अङ्कको सङ्ख्याले २ अङ्कको सङ्ख्यालाई शेष आउने भाग । | ) यौनजन्य सरुवा रोगहरू<br>) एच.आइ.भी/एड्स<br>) कन्डमको प्रयोग | ) अनुच्छेद<br>) गीत कविता |
| १७. | नयाँ अक्षर थ, व, रे पढाइ लेखाइ र मात्रा ै (ऐकारको चिनारी) | ) हात लागि आउने २ स्थानको जोड<br>) अङ्ग्रेजी र रोमन अङ्क ज्ञान | ) बचतको महत्त्व<br>) बैङ्कको महत्त्व<br>) किनबेच र बचतका उपायहरू | ) सफलताको कथा, संवाद<br>) जोडा मिलाउने, शब्द बनाउने |
| १८. | नयाँ अक्षर भ को पढाइ लेखाइ | ) गुणन र जोडको प्रक्रियाबाट एक स्थानको सङ्ख्याले (३) स्थानसम्मको सङ्ख्यालाई गुणन गर्ने<br>) स्थान मान तालिकाको | ) छोरा र छोरीमा समानता<br>) भेदभाव तथा छुवाछुत हटाउने उपायहरू | ) घटना<br>) चित्र छलफल |

| | | | | |
|---|---|---|---|---|
| | | प्रयोग गरी बढीमा (३) स्थानसम्मको सङ्ख्या घटाउने | | |
| १९. | नयाँ अक्षर, ढ को पढाइ लेखाइ | जोड, घटाउ र भागको पुनरावलोकन | ) बैङ्किङ् सेवा<br>) बचन<br>) व्यवसाय<br>) आम्दानी खर्च | निवेदन, अनुच्छेद घटना |
| २०. | नयाँ अक्षर ञ को पढाइ लेखाइ | समय, तौल, मिटरको जानकारी | ) सञ्चारको महत्त्व बिशेषता र साधनहरू<br>) सञ्चारका तरिकाहरू सूचना आदान प्रदान गर्ने तरिकाहरू | चुट्किला, सञ्चारका साधनहरूका चित्रात्मक जानकारी |
| २१. | नयाँ अक्षर ड, ज्ञ को पढाइ लेखाइ | ) घडी समयको पुनरावलोकन<br>) नाप तौल र व्याबहारिक जोड घटाउ गर्ने | ) शिक्षाको महत्त्व<br>) आम्दानी खर्चको विवरण<br>) बचत, व्यवसाय<br>) ऋृण परिचालन | तालिका भर्ने |
| २२. | सुनाइ, बोलाइ, पढाइ, लेखाइ अगाडि सिकेका स्वर व्यञ्जन | ) चलन चल्तीका नोट र सिक्का चिन्ने | ) महिला कानुनी अधिकार<br>) अधिकारको प्रयोग | बुढा, आत्मपरक, घटना शब्दबाट वाक्य बनाउने, ठिक |

| | | | | |
|---|---|---|---|---|
| | र मात्रा | ⎠ रूपैयालाई पैसा र पैसालाई रूपैयामा वदल्ने | गर्ने तरिका<br>⎠ सामुदायिक विकासमा महिलाको भूमिका<br>⎠ निर्वाचन र संविधान | बेठिक छुट्टयाउने |
| २३. | भषिक सिप अभ्यास | ⎠ भित्ते पात्रोबाट गते, महिना, वर्ष, बार पढ्ने र लेख्ने | ⎠ बाल अधिकार<br>⎠ शिक्षा स्वास्थ्य माया र स्नेह<br>⎠ बाल विकास | जानकारी, गीत अनुच्छेद, वाक्य बनाउने खाली ठाउँ भर्ने |

अनौपचारिक शिक्षा अन्तर्गत महिला साक्षरता पाठ्य पुस्तकमा सिपहरूलाई पढाइ र लेखाइमा मात्र केन्द्रित हुने गरी यसको पाठ्यक्रम तयार पारिएको छ । महिलाहरूलाई सामान्य साक्षर बनाउने यसको उद्देश्य रहेकोले पढाइ र लेखाइमा मात्र जोड दिएको छ । दैनिक व्याबहारिक समस्या समाधान गर्नको लागि पढाइ र लेखाइलाई नै उपयुक्त मानिएको छ । महिलाहरूलाई सिपमुलक कार्यक्रममा संलग्न गराई आत्म निर्भर बनाउने लक्ष्य रहेको छ ।

महिला साक्षरता पहिलो तहको पाठ्यक्रमको उद्देश्यहरू निम्नानुसार रहेको छ ।

**क) भाषिक उद्देश्य**

१. आफूले देखेका सुनेका घटनालाई क्रम मिलाएर भन्न ।
२. सम्ला अक्षर र मात्रा सहितका शब्द मिलाएर पढ्न र लेख्न ।
३. जोडेमोडेका अक्षर सहितका शब्द तथा वाक्यहरू चिन्न र उच्चारण गर्न ।
४. प्रयोगमा आएका शब्द र शब्दार्थ पढ्न, बझ्न र बताउन ।
५. साधारण विराम चिन्हहरूको प्रयोग गर्न ।
६. सङ्केत पाटी, टिकट र भित्तेपात्रो पढ्न ।

७. सरल भाषाका लेखिएका छोटा कथा, अनुच्छेद, संवाद, नाटक आदि पढ्न ।

८. सरल भाषामा लेखिएका कविता तथा गीत गति, यति, लय मिलाइ पढ्न ।

९. साधारण चिठी निवेदन पढ्न र लेख्न ।

१०. साधारण सूचनाहरू घर तथा छिमेकसम्म पुऱ्याउन ।

**ख) गणितीय उद्देश्य**

१. एकदेखि सयसम्मको अङ्क चिन्न, पढ्न र लेख्न ।

२. चार स्थानसम्मको योगफल जोड गर्न ।

३. तिन स्थानसम्मको घटाउ गर्न ।

४. एक स्थानको सङ्ख्याले तिन स्थानको सङ्ख्यालाई गुणन गर्ने ।

५. एक स्थानको सङ्ख्याले दुई साधनको सङ्ख्यालाई भाग गर्ने ।

६. रुपिया पैसा चिनेर दैनिक व्यवहारमा रुपैँया पैसाको प्रयोग गर्न ।

७. साधारण घरायसी काममा स साना जोड, घटाउ, गुणन र भाग गरी लेनदेन गर्न ।

८. साधारण नापतौलका एकाइहरू (लिटर, मिटर, किलोग्राम) को पहिचान गरी व्यवहारमा प्रयोग गर्न ।

९. घडी तथा भित्ते पात्रो हेरी समय र मिति बनाउन ।

**ग) कार्यमूलक उद्देश्य**

१. आफ्नो, परिवारको र वातावरणको सरसफाइ गर्ने तरिका सिकी व्यवहारमा उतार्न ।

२. सुरक्षित मातृत्वको उपायहरूको जानकारी लिई सो अनुसार गर्न गराउन ।

३. कुपोषणबाट बच्न र बचाउन ।

४. बच्चालाई लाग्ने रोगहरू पहिचान गरी सर्तकता अपनाउन ।

५. बच्चलाई थप खानाका रूपमा सर्वोत्तम पिठोबाट लिटो बनाएर खुवाउन ।

६. झाडा पखाला लागेमा जीवनजल बनाएर खान तथा खुवाउन ।

७. अर्थोपार्जनको महत्त्व बुझी ससाना आयमूलक कार्य गर्ने ।

८. महिलाको प्रजनन स्वास्थ्यबारे जानकारी प्राप्त गर्न र सावधानीका उपायहरू अपनाउन ।
९. घरभित्र र बाहिर घट्न सक्ने दुर्घटनाबाट बच्न र बच्ने तरिका अपनाउन ।
१०. महिला नेतृत्वको महत्त्व बुझी समुदायको विकासमा अगुवाइ गर्न ।
११. बाल तथा महिला अधिकारको महत्त्व बुझी सोको उपयोग गर्न गराउन ।
१२. समाजमा विद्यमान लैङ्गिग विभेद, सोको कारण र असरका बारेमा छलफल गरी त्यस्ता विभेदलाई निराकरण गर्न तत्परता देखाउन ।
१३. जीवन उपयोगी सिपहरूसँग परिचित भई आफ्नो दैनिक जीवनमा तिनीहरूको प्रयोग गर्न ।

समग्रमा महिलाहरूलाई आत्म निर्भर बनाउने बिभिन्न सिप मुलक तालिम प्रदान गरेर उनीहरूलाई सक्षम बनाउनु, आफ्नो हक अधिकारको बारेमा जानकारी प्रदान गर्नु, समसामयिक विषयको बारेमा ज्ञान प्रदान गरेर उनीहरूलाई सक्षम बनाउनु रहेको पाइन्छ ।

केन्द्रीय स्तरबाट तयार पारिएको पाठ्यक्रमले स्थानीय तहमा भएका र जान्नु पर्ने कुरालाई पूर्ण रूपमा समेट्न र त्यसको जानकारी गराउन नसक्ने हुनाले स्थानीय पाठ्यक्रमको आवश्यकता पर्न गएको हो । राष्ट्रिय पाठ्यक्रमले २० प्रतिशत पाठ्य भार छुट्याएको छ । विशेष गरी महिलाहरूमा केन्द्रित यो पाठ्य पुस्तक निरक्षर महिलाहरूलाई साक्षर बनाउने, निरक्षर भएका कारण महिलाहरूले दैनिक जीवनमा भोग्नु परेका समस्याहरू सुल्झाउन सक्ने बनाउने, पिछडिएको तथा निम्न आय भएका महिलाहरूको जीवन स्तर उठाउन आय आर्जनका लागि व्याबसाय मूलक सिप प्रदान गर्ने रहेको पाइन्छ । आमाहरूलाई साक्षर गराई छोरा छोरीलाई विद्यालय पढ्न पठाउन प्रोत्साहित गर्ने, जनचेतना अभिवृद्धि गरी महिला र पुरुष वीचको साक्षरताको असमानता क्रमश घटाउँदै लैजाने यसको लक्ष्य रहेको पाइन्छ ।

**३.१.२ अनौपचारिक शिक्षा अन्तर्गत महिला साक्षरता पुस्तकको विषयवस्तुको क्षेत्र र क्रमलाई तालिकामा देखाइएको छ ।**

| | |
|---|---|
| १. वातावरण संरक्षण | १. व्यक्तिगत तथा घरपरिवारको सफाइको आवश्यकता र तरिका<br>२. सफा सुग्घर गर्ने कार्यमा महिला, पुरुष बालबालिका र परिवारमा सबैको भूमिका<br>३. वातावरण संरक्षणका कारण र उपायहरू (चर्पीको प्रयोग धुवाँबाट बच्ने उपाय, पानीको स्रोतको संरक्षण, सार्वजनक स्थलको सफाइ)<br>४. कीट नाशक औषधीहरूको सही प्रयोग<br>५. वातावरण रंरक्षणमा लैङ्गिक तथा सामाजिक समता ( सहभागिता), स्रोत साधनको बाँडफाड, निर्णयमा पहुँच, क्षमता, अभिवृद्धि र भूमिका)<br>६. सामुदायिक वनको आवश्यकता महत्त्व र वृक्षारोपण |
| २. पारिवारिक जीवन | १. किशोरी स्वास्थ्य, महिनावारी प्रक्रिया, सरसफाइ समस्या, तथा व्यवस्थापन र पोषण<br>२. यौन रोगहरू<br>३. किशोरवस्थाका परिवर्तनहरू<br>४. यौन दुर्व्यवहार<br>५. विवाह गर्ने उपयुक्त उमेर<br>६. जन्म अन्तर<br>७. सुरक्षित मातृत्व गर्भावस्थाको पहिचान तथा स्याहार, सुरक्षित सुत्केरी गराउने व्यवस्था<br>८. परिवारमा आपसी सम्बन्ध र सहयोग<br>९. पारिवारिक जीवनमा पुरुषको भूमिका<br>१०. महिलाको प्रजननको कदर गर्ने |

| | |
|---|---|
| | ११. शिशु तथा बच्चाको स्याहार गर्भवती तथा सुत्केरी अबस्थामा स्याहार |
| ३. आय आर्जन र कृषि | १. आय आर्जन कार्यका लागि स्रोतको परिचालन मानवीय र वस्तुगत स्रोत (समय, सिप, श्रम : दृश्य तथा अदृश्य नगद जिन्सी, कच्चा पदार्थ, भूमि आदि)<br>२. आय आर्जन हुन खालका घरेलु व्यवसाय (बेमौसमी तरकारी, फलफुल, नगदेबाली, खाद्य प्रशोधन आदि)<br>३. स्थानीय कच्चा पदार्थमा आधारित सिपमूलक कार्य<br>४. उन्नत खेतीका लागि कम्पोस्ट मल गड्यौला मल<br>५. भण्डारण तथा बजार व्यवस्थापन<br>६. कृषिकार्यमा सहयोग पुऱ्याउने निकायहरू र तिनको सेवा लिने तरिका<br>७. बचत तथा बैङ्क सेवा<br>८. उद्यमशीलता |
| ४. नागरिक चेतना | १. व्यक्तिगत घटना दर्ता (जन्म, मृत्य, बसाइसराई, विवाह, सम्बन्ध विच्छेद आदि)<br>२. नागरिक हक<br>३. समाजमा प्रचलित विकृतिहरू (मद्यपान, धुम्रपान, जुवा, तास, यौन व्याबसाय, लागु पदार्थ आदि)<br>४. आफ्नो व्यबहारबाट अरूको स्वास्थ्यमा पर्ने असरबारे सचेतना<br>५. जीवनोपयोगी सिपहरू आधारभूत १० ओटा सिपहरू, जस्तै - सञ्चार, समस्या समस्या समाधान, निर्णय आत्म जागरण<br>६. बाल अधिकार |
| ५. महिला विकास | १. समुदायमा महिलाको आर्थिक तथा सामाजिक अवस्था (सहरी क्षेत्र, ग्रामीण क्षेत्र) |

| | |
|---|---|
| | २. लैङ्गिक समानता, (शैक्षिक अवसर तथा पहुँच र निर्णय गर्ने क्षमता)<br>३. महिलाको कानुनी अधिकार र पहुँच तथा अधिकारको प्रयोग गर्ने तरिका |
| ६. संस्कृति र परम्परा | १. हाम्रा राम्रा र नराम्रा परम्पराहरू र महिनाबारी र सुत्केरी हुँदा गरिने व्यवहारमा खास गरी खाना खान दिने/नदिने प्रचलत ब्रतका नाममा स्वास्थ्यमा पर्ने प्रतिकूल असर<br>२. स्थानीय तथा चाडपर्वको महत्त्व<br>३. जातजाति अनुसार र भितव्ययी तरिकाले चाडपर्व मनाउने तरिका<br>४. हाम्रो भेषभूषा तथा परम्परा<br>५. छुवाछुत तथा भेदभाव |
| ७. स्वास्थ्य र पोषण | १. दुर्घटना, बचाउ र प्राथमिक उपचार<br>२. सामान्य सरुवा रोगहरू, पखाला, दादुरा रुघाखोकी, निमोनिया, जुका, लुटो तथा चर्मरोग आदिमा विना भेदभाव उपचार सेवामा पहुँच<br>३. खोपको प्रकार र खोपबाट बचाउन खोप लगाउँदा विचार गर्नु पर्ने कुराहरू<br>४. स्थानीय तहमा उपलब्ध खाद्यवस्तुबाट पोसिलो खाना खाने उपाय, पोषणका लागि पशुपक्षीं पालन तथा करेसाबारीको महत्त्व<br>५. कुपोषणका कारणहरू र समाधानका उपाय<br>६. यौनजन्य रोग, कारण, उपचार तथा बनावटका उपायहरू<br>७. प्रजनन् अङ्गहरूको सङ्क्रमण र बचावटका उपायहरू<br>८. एच.आइ.भी.एड्स सर्ने तरिका, बचावटका उपाय र रोगीलाई गर्नु पर्ने व्यवहार |

### ३.१.३ शब्दकोश

पाठ्यक्रम अनुसार पाठ्य पुस्तक निर्माण हुने भएकाले पाठ्यक्रममा नभए पनि पाठ्य पुस्तकमा शब्दकोश हेर्ने कुरा छ भन्ने देखिन्छ ।

### ३.१.४ शब्द भण्डार

शब्द भण्डार अन्तर्गत पाठ्यक्रमले दुई हजार शब्दहरू वोल्न सक्ने उद्देश्य राखेको छ । पाठ्य पुस्तकमा कठिन शब्दहरूको अर्थ दिएको छैन । शब्द भण्डार अन्तर्गत पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूपकै सामान्यर्थक, विपरीतार्थक, अनुकरणात्मक, समुहवाचक, पर्यायवाची सांस्कृतिक शब्दहरू प्रयोग भएका छन् ।

### ३.१.५ वाक्यमा शब्द सङ्ख्या

बढीमा सातदेखि नौ शब्द भएका वाक्य गठन गरी प्रयोग गर्ने भन्ने उद्देश्य पाठ्यक्रमले राखेको छ । यसर्थ धेरै शब्दहरूको प्रयोग गरी लामा र जटिल वाक्यहरू पाठ्य पुस्तकमा उपयुक्त देखिँदैन ।

### ३.१.६ निश्कर्ष

पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्य पुस्तकमा सबै उद्देश्य पूर्ति गर्ने गरी अभ्यासहरू समावेश गरिएको छैन । यस पाठ्य पुस्तकमा सहभागीहरूको स्तर र तहभन्दा जटिल संरचना भएका वाक्यहरू र शब्दहरूको प्रयोग गरेको पाइन्छ । पाठ्यक्रम अनुरूप विषय बस्तुहरू पनि राखिएको छैन । पाठ्यक्रम अनुरूप मूल्याङ्कन पनि भएको पाइदैन शब्दकोश सम्बन्धी अभ्यासहरू पाठ्य पुस्तकमा राखिएको छैन ।

पाठ्यक्रमम समावेश गरीएका विषय बस्तुलाई पाठ्य पुस्तकमा राखेको भए झनै राम्रो हुन्थ्यो । अभ्यासहरू पाठ्यक्रम निर्देशन अनुरूप राखेको पाइन्दैन । पाठ्यक्रमले आन्तरिक र बाह्य मूल्याङ्कनको लागि पनि अङ्कभार छुट्टयाएको पाइन्छ तर पाठ्य पुस्तकमा त्यस्तो अभ्यासहरू राखिएको पाइन्दैन । विशेष गरी महिलाहरूलाई लक्षित गरेर तयार पारिने भएको हुँदा यसमा सम्बन्धीत निकायले ध्यान दिनु आवश्यक देखिन्छ ।

# अध्याय चार

# पाठ्य पुस्तकको आन्तरिक र वाह्य विशेषताको आधारमा विश्लेषण

## ४.१ आन्तरिक आधारमा

### ४.१.१ विषयवस्तु

महिला साक्षरता पुस्तकमा जम्मा (२३) वटा पाठहरू राखिएका छन् । यी (२३) वटा पाठहरूलाई (७) किसिमका विषयवस्तुमा केन्द्रित गरेको छ । विषयवस्तुमा भएको एक रूपताको आधारमा यिनीहरूलाई विभाजन गरेको देखिन्छ ।

| | |
|---|---|
| १. वातावरण संरक्षण | १. व्यक्तिगत तथा घरपरिवारको सफाइको आवश्यकता र तरिका<br>२. सफा सुग्धर गर्ने कार्यमा महिला, पुरुष, बालबालिका र परिवारमा सबैको भूमिका<br>३. वातावरण संरक्षणका कारण र उपायहरू (चर्पीको प्रयोग धुवाँबाट बच्ते उपाय, पानीको स्रोतको संरक्षण, सार्वजनिक स्थलको सफाइ)<br>४. किटनाशक औषधीहरूको सही प्रयोग<br>५. वातावरण संरक्षणमा लैङ्गिक तथा सामाजिक समता ( सहभागिता, स्रोत साधनको बाँडफाँड, निर्णमा पहुँच, क्षमता अभिवृद्धि र भूमिका)<br>६. सामुदायिक वनको आवश्यकता महत्त्व र वृक्षारोपण |
| २. पारिवारिक जीवन | १. किशोरी स्वास्थ्य, महिनावारी प्रक्रिया, सरसफाइ समस्या तथा व्यवस्थापन र पोषण<br>२. यौन रोगहरू<br>३. किशोरावस्थाका परिवर्तनहरू<br>४. यौन दुर्व्यवहार<br>५. विवाह गर्ने उपयुक्त उमेर |

| | |
|---|---|
| | ६. जन्म अन्तर (किन र कसरी)<br>७. सुरक्षित मातृत्व गर्भावस्थाको पहिचान तथा स्याहार सुरक्षित सुत्केरी गराउने व्यवस्था<br>८. परिवारमा आपसी सम्बन्ध र सहयोग<br>९. पारिवारिक जीवनमा पुरुषको भूमिका<br>१०. महिलाको प्रजननको कदर गर्ने<br>११. शिशु तथा बच्चाको स्याहार, गर्भवती तथा सुत्केरी अवस्थामा स्याहार |
| ३. आय आर्जन र कृषि | १. आय आर्जन कार्यका लागि स्रोतको परिचालन मानवीय र वस्तुगत स्रोत (समय, सिप, श्रम दृश्य तथा अदृश्य नगद जिन्सी कच्चा, पदार्थ, भूमि आदि )<br>२. आय आर्जन हुने खालका घरेलु व्यवसाय (बेमौसमी तरकारी, फलफुल, नगदेबाली, खाद्य प्रशोधन आदि)<br>३. स्थानीय कच्चा पदार्थमा आधारित सिपमूलक कार्य<br>४. उन्नत खेतीका लागि कम्पोस्ट मल गड्यौला मल<br>५. भण्डारण तथा बजार व्यवस्थापन<br>६. कृषि कार्यमा सहयोग पुऱ्याउने निकायहरू र तिनको सेवा लिने तरिका<br>७. बचत ऋण तथा बैङ्क सेवा<br>८. उद्यमशीलता |
| ४. नागरिक चेतना | १. व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु बसाइसराई विवाह, सम्बन्ध विच्छेद आदि)<br>२. नागरिक हक (नागरिकता, मताधिकार)<br>३. समाजमा प्रचलित विकृतिहरू (मद्यपान, धुम्रपान जूवा तास यौन व्यवसाय लागु पदार्थ आदि)<br>४. आफ्नो व्यवहारबाट अरूको स्वास्थ्यमा पर्ने असरबारे सचेतता |

| | |
|---|---|
| | (चुरोट र रक्सी)<br>५. जीवनोपयोगी सिपहरू आधारभूत १० ओटा सिपहरू जस्तै : सञ्चार, समस्या, समाधान, निर्णय, आत्म जागरण, अन्तरव्यक्ति सम्बन्ध, आवेग नियन्त्रण तनाव व्यवस्थापन, सिर्जनात्मकता, समालोचनात्मकता अनुभूति<br>६. बाल अधिकार |
| ५. महिला विकास | १. समुदायमा महिलाको आर्थिक तथा सामाजिक अवस्था (सहरी क्षेत्र, ग्रामीण क्षेत्र)<br>२. लैङ्गिक समानता, (शैक्षिक अवसर तथा पहुच र निर्णय गर्ने क्षमता)<br>३. महिलाको कानुनी अधिकार र पहुच तथा अधिकारको प्रयोग गर्ने तरिका<br>४. परिवार र समुदायमा महिलाहरूको परिवर्तित भूमिका - महिलाको त्रिपक्षीय भूमिका)<br>५. महिला पहिले र अहिले (सकारात्मक उदाहरण महिलाको सहभागिता)<br>६. महिला विकास सम्वन्धी उपलब्ध सेवा र सुविधाहरू<br>७. समुदाय तहमा उपलब्ध सेवा र सुविधाको सही प्रयोग |
| ६. | १. हाम्रा राम्रा र नराम्रा परम्पराहरू (महिनावारी र सुत्केरी हुँदा गरिने व्यवहारमा खास गरी खाना खान दिने/नदिने प्रचलन) व्रतका नाममा स्वास्थ्यमा पर्ने प्रतिकुल असर<br>२. स्थानीय तथा चाडपर्वको महतत्व<br>३. जातजाति अनुसार र मितव्ययी तरिकाले चाडपर्व मनाउने तरिका<br>४. हाम्रो भेषभूषा तथा परम्परा<br>५. छुवाछुत तथा भेदभाव |

| | |
|---|---|
| ७. स्वास्थ्य र पोषण | १. दुर्घटना, वचावट र प्राथमिक उपचार<br>२. सामान्य सरुवा रोगहरू, पखाला, दादुरा, रुघाखोकी, निमोनिया, जुका, लुतो तथा चर्मरोग आदिमा विना भेदभाव उपचार सेवामा पहुँच<br>३. खोपको प्रकार र खोपबाट बचाउन खोप लगाउँदा विचार गर्नु पर्ने कुराहरू<br>४. स्थानीय तहमा उपलब्ध खाद्यवस्तुबाट पोसिलो खाना खाने उपाय, पोषणका लागि पशुपक्षि पालन तथा करेसाबारीको महत्त्व ।<br>५. कुपोषणका कारणहरू र समाधानका उपाय<br>६. यौनजन्य रोग, कारण, उपचार तथा बनावटका उपायहरू<br>७. प्रजनन अङ्गहरूको सङ्क्रमण र बचावटका उपायहरू<br>८. एच.आइ.भी. एड्स सर्ने तरिका बचावटका उपाय र रोगीलाई गर्नु पर्ने व्यवहार |

समग्रमा भन्नु पर्दा पाठ्यक्रमको उद्देश्य परिपूर्ति गर्नका लागि पाठ्य पुस्तकमा पाठ्य बस्तुको समावेश गरिएको हुन्छ । पाठ्य पुस्तकको केन्द्रीय भाग भनेको नै त्यसमा समाविष्ट पाठ्य बस्तु हो । पाठ्य पुस्तकमा भिन्न भिन्न शीर्षक र उपशीर्षक राखेर विषय बस्तुको माध्यमबाट पाठ्य बस्तुलाई प्रस्तुत गरिएको हुन्छ । यस्ता विषय बस्तु विभिन्न स्रोतबाट लिइएको हुन्छ ।

अनौपचारिक शिक्षा अन्तर्गत महिला साक्षरता पुस्तकमा (२३) वटा विषय बस्तु राखेकोमा तिनीहरूको समानताको आधारमा (७) वटा भागमा पाठ्यक्रममा विभाजन गरेको पाइन्छ । यसरी विषय बस्तु राखिए तापनि पाठ्य पुस्तकमा भने पाठ्यक्रम अनुकूल राखिएको छैन । पाठ्यक्रमले दिन खोजेको सन्देश पाठ्य पुस्तकमा राखिएको छैन । पाठ्यक्रम हेर्दा पाठ्य पुस्तकमा धेरै कुरा छुटेके पाइन्छ । पाठ्यक्रम अनुकूल विषय बस्तु राखिनु आवश्यक देखिन्छ । बहुसांस्कृतिक पक्षलाई समेट्ने पाठहरू पनि

समावेश गर्न सके राम्रो हुने देखिन्छ । अहिले समयमा भाषा भाषि जातजातिहरूका कुरा उठेको सन्दर्भमा सबैको पहिचान गरी सबैलाई मान्य हुने सांस्कृतिक विषय वस्तु समावेश गरे झनै राम्रो हुन्थ्यो ।

ग्रामीण तथा पिछडिएका वर्गका महिलाहरूलाई देश बिकासको क्रममा सृजना भएको वातावरणसँग आबद्ध गराई उनीहरूको जीवन स्तर वृद्धि गर्ने खालका ज्ञान र सिपको बिकास गर्नु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

### ४.१.२ **पाठ (विद्या तथा प्रस्तुति)**

यस पाठ्य पुस्तकमा (२३) वटा पाठहरू राखिएका छन् । ती पाठहरूलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १**

**पाठ सङ्ख्या**

| **क्र.सं.** | **पाठहरू** | **पृष्ठ संख्या** |
|---|---|---|
| १. | आमा | १ |
| २. | महिला | ९ |
| ३. | मेलमिलाप | १६ |
| ४. | परिवार | २२ |
| ५. | कारखाना | ३० |
| ६. | छोराछोरी | ३८ |
| ७. | सरसफाइ | ४७ |
| ८. | प्रजातन्त्र | ५६ |
| ९. | अगुवा | ६३ |
| १०. | धुवाँ | ७३ |
| ११. | काठ दाउरा | ८१ |

| | | |
|---|---|---|
| १२. | दुर्घटना | ८९ |
| १३. | चाडपर्व | ९८ |
| १४. | झाडापखाला | १०६ |
| १५. | पोषण | १२१ |
| १६. | यौन शिक्षा | १३३ |
| १७. | थैली बैङ्क | १४४ |
| १८. | भेदभाव | १५४ |
| १९. | ऋण ढुकुटी | १६५ |
| २०. | सञ्चार | १७२ |
| २१. | अङ्क ज्ञान | १७८ |
| २२. | महिला अधिकार | १८९ |
| २३. | बाल अधिकार | १९८ |

### ४.१.३ भाषिक संरचना, शैली र शब्द भण्डार

यस पाठ्य पुस्तकमा २ देखि १८ वटा शब्दहरू प्रयोग गरी वाक्यात्मक संरचना तयार पारेको छ । वाक्यमा कति वटा शब्दहरू वितरण गर्ने भन्ने कुराको ख्याल गरिएको छैन । यो अनौपचारिक शिक्षा भएकोले यसमा शैलीको बारेमा व्याख्या विश्लेषण गरिएको छैन । यसको उद्देश्य भनेको महिलाहरूलाई सामान्य साक्षर बनाउनु रहेकोले यसमा दैनिक व्याबहारमा प्रयोगमा ल्याउने शब्दहरूको प्रयोग गरेको पाइन्छ । शब्द भण्डार अन्तर्गत यति शब्दहरू नै राख्नु पर्छ भन्ने सीमितता छैन । यसमा महिलाहरूले सजिलै वुझ्ने शब्दलाई पहिलो प्राथमिकता दिएको पाइन्छ । भाषिक संरचना अन्तर्गत धेरै शब्दलाई नराखी निरक्षर महिलाहरूले वुझ्ने हेतुले शब्दहरूको संरचना गरेको पाइन्छ । कहीँ कतै लामा लामा वाक्यहरू पनि राखेको पाइन्छ । समग्रमा भन्नु पर्दा महिलाहरूलाई सहयोग गर्ने किसिमको देखिन्छ ।

### ४.१.४ नमुना अभ्यास

'महिला साक्षरता पुस्तक' नेपाली भाषा पाठ्य पुस्तकमा पाठहरू पछाडि नमुना अभ्यास राखिएको छ । यस पाठ्य पुस्तकको प्रत्येक पाठहरूमा अभ्यास राखिएको छ । जस्तै ; आमा भन्ने शीर्षक राखिएको पाठमा (आ) बाट उपचारण हुने अरू शब्द 'मा' उए उपचारण हुने अरू शब्दहरू शब्द बाकसहरू राखिएका छन् । अङ्क ज्ञान सम्बन्धी अभ्यासहरू राखिएको छन् । प्रत्येक पाठमा शीर्षकको आधारमा अभ्यासहरू राखिएका छन् । शब्द पत्रिहरूको पनि अभ्यासहरू राखिएको छन् । ठिक बेठिक छुट्टयाउने, खाली ठाउँ भर्ने, चित्रको व्याख्या गर्ने अभ्यासहरू छन् भने मुख्य शब्द चिनाउने आफ्नो विचार लेख्न लाउने, तोडेमोडेका शब्द अभ्यास गराउने, तालिका भर्ने, वाक्य बनाउने घटना छलफल गराउने आदि अभ्यासहरू राखिएको छ । जम्मा (२१६) पृष्ठ रहेकोमा (९५) पेज चाँहि अभ्यासमा सीमित रहेको छ ।

**तालिका नं. २**

**पाठहरू र प्रश्नको संख्या**

| क.सं. | पाठहरू | पृष्ठ संख्या |
|---|---|---|
| १. | आमा | ७ |
| २. | महिला | ८ |
| ३. | मेलमिलाप | ८ |
| ४. | परिवार | ८ |
| ५. | कारखाना | ९ |
| ६. | छोराछोरी | ८ |
| ७. | सरसफाइ | १० |
| ८. | प्रजातन्त्र | ८ |
| ९. | अगुवा | ८ |
| १०. | धुवाँ | ९ |

| | | |
|---|---|---|
| ११. | काठ दाउरा | ८ |
| १२. | दुर्घटना | १० |
| १३. | चाडपर्व | ८ |
| १४. | झाडा पखाला | १४ |
| १५. | पोषण | १० |
| १६. | यौन शिक्षा | १४ |
| १७. | थैली बैङ्क | १० |
| १८. | भेदभाव | ८ |
| १९. | ऋण ढुकुटी | १० |
| २०. | सञ्चार | ८ |
| २१. | अङ्क ज्ञान | ८ |
| २२. | महिला अधिकार | १० |
| २३. | बाल अधिकार | १४ |

यस पाठ्य पुस्तकमा नमुना अभ्यासको वितरणलाई हेर्दा नमुना अभ्यास विविध प्रकृतिका छन् । खालि ठाउँ भर्ने, जोडा मिलाउने ठिक बेठिक छुट्ट्याउने सिर्जनात्मक अभ्यास वाक्यमा प्रयोग गर, शुद्ध गर्ने, वाक्य बनाउने, चित्र बनाउने आदि प्रश्नहरू रहेका छन् ।

### ४.१.५ चित्र

'महिला साक्षरता पुस्तक' मा राखिएका (२३) पाठहरूमा प्रत्येक पाठहरूमा चित्रको प्रयोग गरिएको छ । पहिलो पाठबाट नै चित्र समावेश गरी पाठलाई आरम्भ गरिएको छ । 'आमा' पाठमा आमाले बच्चालाई स्तनपान गराएको बाबाले नानीलाई तेल लगाइ दिने, नुहाइ दिने काम गरेको चित्रबाट देखिन्छ । त्यस्तै महिला भन्ने पाठमा महिलाले गर्न हुने कामहरू चित्र मार्फत देखाइएको छ । कुनै कुनै चित्र अलि मधुरो रहेको छ । त्यसै गरी मेलमिलाप पाठमा चित्रद्वारा मेलमिलापको अर्थ बुझाइएको छ । मिलेर घर वा घरबाहिर काम गर्दा फाइदा हुन्छ भन्ने कुरा देखाइएको छ । त्यसै गरी

'परिवार' पाठमा परिवारमा काम मिलेर गर्नु पर्छ भन्ने सङ्केत चित्र गरेको छ । त्यसै गरी 'कारखाना' पाठमा कारखाना र कारखानामा काम गरी रहेको देखाइएको छ । त्यसै गरी 'छोराछोरी' पाठमा छोरा र छोरीको चित्रले मात्र छोराछोरी पाठ सङ्केत गरेको छ भने अरू चित्रले त्यस्तो सङ्केत गरेको छैन । 'सरसफाइ' पाठमा चित्रबाट आफ्नो घर वरिपरि सफा राख्नु पर्छ भन्ने सन्देश दिएको छ तर चित्र अलि टल्केको देखिन्छ । 'प्रजातन्त्र' पाठमा महिलाले भोट खसालेको चित्रले मात्र प्रजातन्त्र पाठ सङ्केत गरेको छ भने अरू चित्रले खासै पाठको सङ्केत  गरेको देखिदैन । त्यसै गरी 'अगुवा' पाठमा जो पनि समाजका अगुवा हुन सक्छ भन्ने कुरा चित्रले देखाउन खोजेको छ । त्यसै गरी 'धुवाँ' पाठमा धुवा र धुलोले हुने हानिको बारेमा देखाइएको छ । 'काठ दाउरा' पाठमा वनजङ्गल संरक्षण गर्नु पर्छ भन्ने सन्देश चित्रले देखाउन खोजेको छ । त्यसै गरी 'चाडपर्व' पाठमा हाम्रो देशको विभिन्न धर्म जातजातिको संस्कृति देखाउन खोजेको छ चित्र अलिक उज्यालो भएको भए झनै राम्रो हुन्थ्यो । त्यसै गरी 'झाडा पखाला' पाठमा झाडा पखाला हुन नदिन के गर्ने र भएमा त्यसलाई कसरी निर्मूल पार्ने चित्रद्वारा देखाउन खोजेको छ । त्यसै गरी 'पोषण' पाठमा हाम्रो घर परिवार पाइने पोषणयुक्त खानाको चित्र प्रस्तुत गरिएको छ । त्यसै गरी 'यौन शिक्षा' पाठमा यौन रोगको बारेमा र त्यसबाट बच्ने उपायको बारेमा देखाउन खोजिएको छ । त्यसै गरी 'थैली बैङ्क' पाठमा बैङ्क र वचत गर्ने बानिको विकास गर्ने सन्देश दिन खोजेको छ । त्यसैगरी 'भेदभाव' पाठमा छोरा र छोरी समान हुन, गर्नु हुन्न भेदभाव भन्ने सन्देश चित्रले दिन खोजेको छ । त्यसै गरी 'ऋण ढुकुटी' पाठमा ऋण लिन गाउँको साहूमहाजनबाट भन्दा बैङ्कबाट लिँदा धेरै फाइदा हुन्छ भन्ने कुरा देखाउन खोजेको छ । त्यसै गरी 'सञ्चार' पाठमा सञ्चारका साधनहरू चित्रको माध्यमबाट देखाउन खोजेको छ । 'महिला अधिकार' पाठमा महिला अधिकार भनेको के हो चित्रले देखाउन खोजेको छ । त्यसै गरी 'बाल अधिकार' पाठमा बाल अधिकार भित्र के के पर्छन् चित्रबाट देखाउन खोजेको छ ।

समग्रमा भन्नु पर्दा महिला साक्षरता पुस्तकमा चित्रहरू पाठसँग सम्बन्धित भए पनि कुनै कुनै चित्रहरू पाठभन्दा अलि फरक रहेको देखिन्छ । पाठसँगै सम्बन्धित थुप्रै

चित्रहरू भएको भए राम्रो हुन्थ्यो । चित्रमा अलिक चहक भएको भए झनै राम्रो देखिन्थ्यो । पाठ शीर्षक चित्रले बुझाउन सक्छ । चित्र कुनै कुनै ठाउँमा अलिक मधुरो पनि रहेको देखिन्छ ।

### ४.१.६ भूमिका तथा निर्देशन

यस पाठ्य पुस्तकको प्राक्कथन अन्तर्गत राखिएको भूमिका तथा निर्देशनमा १५ वर्ष माथिका निरक्षर प्रौढ महिलाहरूलाई भनेर छुट्टै पाठ्यक्रम र पाठ्य सामग्री निर्माण गरी पढ्न लेख्न सिकाउनका साथमा दैनिक व्याबहारिक किसिमका विषयवस्तु समेत सिकाउने उद्देश्य राखेर कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

बिगत डेढ दशकदेखि अनौपचारिक शिक्षाको क्षेत्रमा (६) वटा जिल्लामा १२ वटा कक्षाबाट सुरु भएको महिला साक्षरता कार्यक्रम आज पचहत्तरै जिल्लामा विस्तार भएको छ । प्राथमिक शिक्षा परियोजना परीक्षणको रूपमा संचालन गरीएको यो कार्यक्रम आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले यसलाई बिस्तार गर्दै लग्यो । हाल अनौपचारिक शिक्षा केन्द्र अन्तर्गत पचहत्तरै जिल्लामा यो कार्यक्रम महिला साक्षरता प्रथम र दोस्रोको रूपमा ६/६ महिना गरी जम्मा १२ महिना संचालन भइ रहेको छ । विशेष गरी पिछडिएका गाउँ, पिछडिएका वर्ग तथा जनजातिहरूमा महिलाहरूको निरक्षरता सङ्ख्या अत्यधिक भएको कुरा तथ्याङ्कले देखाएको छ । जबसम्म यस्ता निरक्षर बहुसङ्ख्यक महिलाहरूलाई साक्षर बनाएर उनीहरूको जीवन स्तर उकास्ने खालको ज्ञान सिप प्रदान गरिँदैन तवसम्म हाम्रो देशमा विकास हुन सम्भव हुँदैन भन्ने सत्य तथ्यलाई ध्यानमा राखेर महिलाहरूका लागि प्रारम्भमा महिला साक्षरता नौ महिनाको सञ्चालन गरिएको थियो । यसमा १५ वर्ष माथिका महिलाहरूलाई आधारभूत साक्षरता र दैनिक व्यावहारिक कुराहरू सिकाउनमा सीमित थियो । कार्यक्रम सञ्चालन हुँदै जाँदा यसका आवश्यकताहरू बढ्दै गए । सहभागि र समयको माग अनुसार साक्षरोत्तर तह पनि सुरु गरियो । क्रमश साक्षरोत्तर तहका सहभागीहरूले समुदायका माध्यमबाट आय आर्जन गर्ने सिपको माग गरे अनुसार हाल

केहि जिल्लाहरूमा सिपमूलक कार्यक्रम पनि आवश्यकता अनुसार सञ्चालन गरिँदै आएको छ ।

## ४.२ बाह्य तथा भौतिक पक्षको आधारमा

### ४.२.१ बनोट

यस पाठ्य पुस्तकको आवरण पृष्ठ फिक्का पहेलो रङको पृष्ठभूमिमा महिलाहरूले आफ्नो अधिकारका लागि आवाज उठाएका र महिलाहरूलाई पुरुषले पनि साथ दिएको दृश्य देखिन्छ । घरको काम महिलाहरूको मात्र नभएर पुरुषहरूको पनि हो भन्ने कुरा चित्रले देखाएको छ । महिला सहभागिता सम्बन्धी कार्यक्रम एक्लो महिला साक्षरता पुस्तकले लिएर पढ्दै गरेको आर्थिक क्षेत्रमा महिलाहरूको पनि पहुँच देखाएको महिलाले बचत गर्न बैङ्कमा गएको चित्रले देखाएको छ । फिक्का पहेँलो रङको पृष्ठभूमिमा रातो रङले महिला साक्षरता पुस्तक लेखिएको छ । अग्र र पश्चको भित्रि पृष्ठ सादा सेतो रङको छ । आकारका दृष्टिले यस पाठ्य पुस्तकको लम्बाइ ९.६ इन्च र चौडाइ ६.९ इन्च रहेको छ । मोटाइका दृष्टिले जम्मा (२१६) पृष्ठ रहेको यो पाठ्य पुस्तक यस तहका प्रौढ महिला तथा निरक्षरताको लागि उपयुक्त देखिन्छ । आवरण पृष्ठको पश्च भागमा सेतो रङको भुइँमा कालो अक्षरले गीत लेखिएको छ । यसै पृष्ठको पुछारमा प्रकाशकको नाम ठेगाना राखिएको छ । बाहिरी आवरणलाई प्लास्टिक कोडेट नगरिए तापनि चिल्लो, पानीले तत्काल नभिज्ने र फोहोर नहुने प्रकृतिको छ ।

### ४.२.२ अक्षरको आकार

यस पुस्तकको आवरण पृष्ठमा ठुलो अक्षरले ‘महिला साक्षरता पुस्तक’ लेखिएको छ । महिला ठुलो अक्षरले लेखिए पनि साक्षरता पुस्तक सानो अक्षरमा लेखिएको छ । प्रत्येक शीर्षक र उपशीर्षक गाढा र ठूला अक्षरमा लेखिएका छन् जुन यस उमेरका महिलाहरूको लागि उपयुक्त देखिन्छ । अभ्यास खण्डमा दिइएको प्रश्नहरू कुनै गाढा त कुनै गाढा नगरिएको देखिन्छ । यसमा समानता ल्याउनु राम्रो हुन्छ । पाठ

र अभ्यासहरू यस तहका सहभागीहरूको लागि उपयुक्त नै देखिन्छ । शब्द शब्द र अक्षर बिचको ठाउँ छोडाइ पनि उपयुक्त नै देखिन्छ ।

### ४.२.३ छपाई र बँधाइ

छपाइको दृष्टिले यस पाठ्य पुस्तकमा प्रयोग गरिएको मसी उपयुक्त हुँदा हुँदै पनि पृष्ठ ४९, ५४, ७१, १२१, १३७, १९९ पृष्ठमा शब्दहरू राम्ररी छापिएको छैन । शीर्षक तथा उपशीर्षक तथा सङ्केतहरू गाढा चहक दिएर छापिएका छन् । किनारा छोडाइ र अन्तरालमा विशेष ख्याल दिनु पर्ने आवश्यकता देखिन्छ । अनुच्छेद परिवर्तन गर्दा ठाउँ छोडाइमा पनि एक रूपता हुनु आवश्यक छ ।

### ४.२.४ बँधाइ

बँधाई दुइ ठाउँमा स्टेपलर पिन लगाई आवरण पृष्ठले छोपिएको छ । स्टेपलरले क्लिप गरेर गमले चिप्काएर बाधिए तापनि प्रौढ महिलाहरूले प्रयोग गर्ने पाठ्य पुस्तक धागो सिलाउनु उपयुक्त हुन्छ ।

### ४.२.५ कागज

यस पाठ्य पुस्तकमा प्रयोग गरिएको कागज सेतो र सफा छ । आवरण पृष्ठको कागज बाक्लो र चिप्लो देखिन्छ भने पाठ्य पुस्तकमा एकै किसिमको कागज प्रयोग गरिएको छ । कागज चिल्लो नभए तापनि दुबैतिर छाप्दा एकबाट अर्कोतिर नदेखिने छ । यस पाठ्य पुस्तकमा प्रयोग गरिएको कागजले (६) महिना थाप्ने छ ।

### ४.२.६ मूल्य

अनौपचारिक शिक्षा कार्यक्रमका लागि तयार पारिएको पाठ्य पुस्तक भएको हुनाले कुनै मुटप राखिएको छैन । पाठ्य पुस्तक निःशुल्क उपलब्ध हुनु यसको सफल पक्ष हो । निःशुल्क भए तापनि लक्षित वर्गको पहुँचमा पुग्ने बनाउनु पर्दछ ।

### ४.२.७ **सुलभता**

अनौपचारिक महिला साक्षरता कार्यक्रम सञ्चालन भएको ठाउँमा पाठ्य पुस्तक समयमा उपलब्ध गराउनु पर्दछ ।

### ४.२.८ **विषय सूची**

महिला साक्षरता पुस्तक मा क्र.स. पाठ शीर्षक पृष्ठ सङ्ख्या स्पष्टसँग खुलाएकोले सान्दर्भिक देखिन्छ ।

### ४.२.९ **शब्द सूची**

यस पुस्तकमा समावेश गरिएका नयाँ नयाँ शब्दहरूको जानकारी दिनका लागि शब्द सूचीहरू राखिएको छैन । यो अनौपचारिक शिक्षाको पाठ्य पुस्तक भएकोले उनीहरूलाई सामान्य साक्षर बनाउनको तयार गरेको पुस्तक भएकोले शब्द सुची राखिएको हुन सक्छ तर पाठ्य पुस्तकमा अप्ठ्यारा र गाह्रा शब्दहरू राखिएका छन् त्यस्ता शब्दका लागि शब्द सूची राखिनु पर्ने हुन्छ ।

### ४.२.१० **निश्कर्ष**

विषय बस्तुगत विविधता भए तापनि विषयको रखाइ क्रम मिलेको छैन । सामाजिक, धार्मिक, सांस्कृतिक आय आर्जन, संरक्षण र सरसफाइ, कृषि, स्वास्थ्य र पोषण जस्ता विषय बस्तु राखिए तापनि राष्ट्रिय एकता र धार्मिक सहिष्णुता झल्काउने विषयवस्तु राखिनु पर्छ । पढाइ र लेखाइ सिपलाई मात्र महत्त्व दिनु, सुनाइ र बोलाइलाई पनि महत्त्व दिएको भए राम्रो हुन्थ्यो । किनभने उनीहरूमा सुनेर बुझ्ने क्षमताको विकास हुन्थ्यो । सुनाइ र बोलाइ सिपको विकास गर्ने अभ्यासहरू नराखिनु यसको कमजोर पक्ष मानिन्छ । मूल्याङ्कन प्रक्रिया पाठ्यक्रम अनुकूल देखिँदैन । आन्तरिक र वाह्य मूल्याङ्कन सम्वन्धी मूल्याङ्कन व्यवस्थित भएको पाइन्दैन । ५०% आन्तरिक मूल्याङ्कन ५०% वाह्य मूल्याङ्कन छुट्टयाएको पाइन्छ । ती अनुरूप पाठ्य पुस्तकमा मूल्याङ्कन भएको पाइँदैन ।

# अध्याय पाँच

# निश्कर्ष तथा सुझाबहरू

प्रस्तुत अध्ययन विश्लेषणबाट प्राप्त निश्कर्ष र सुझाबलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## ५.१ निश्कर्ष

१. औपचारिक शिक्षा प्रणाली भन्दा बाहिर रहेर सिकारुको समय अनुकूल उनीहरूको इच्छा, चाहना अनुसार घर दैलोमा दिइने शिक्षा अनौपचारिक शिक्षा भनिन्छ ।

२. भाषा पाठ्यक्रम कुनै पनि तहका लागि भाषिक आवश्यकताको विश्लेषण गरी तिनै आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले तयार पारिएको योजनाबद्ध कार्यक्रम हो ।

३. भाषा पाठ्यक्रम अनुरूप तयार पारिएको पाठ्य पुस्तक नै भाषा पाठ्य पुस्तक हो ।

४. प्रस्तुत पाठ्य पुस्तकमा विषयगत विविधता पाइन्छ ।

५. पाठ्य पुस्तकमा समावेश गरिएको विषय बस्तु वातावरण संरक्षण, पारिवारिक जीवन, आय आर्जन र कृषि नागरिक चेतना, महिला र विकास संस्कृति र परम्परा, स्वास्थ्य र पोषण आदि क्षेत्रबाट लिइएको छ ।

६. पाठ्य पुस्तकमा समावेश गरिएका विषय बस्तुको क्रम मिलेको छैन ।

७. पाठ्य पुस्तकमा राष्ट्रिय एकता, धार्मिक सहिष्णुता बहुसांस्कृतिक पक्षलाई समेट्ने प्रकृतिका विषय बस्तु समावेश गरिएको छैन ।

८. पाठ्य पुस्तकमा उखान टुक्काहरूको प्रयोग भए पनि उड्नेको छोरी गुड्ने स्तर अनुरूप देखिदैन ।

९. पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूप अध्यासहरू राखिएको पाइदैन ।

१०. समानार्थी र असमानार्थी अर्थको भिन्नता छुट्टयाउने अभ्यासहरू पाठ्य पुस्तकमा क्रम अनुसार राखिएको छैन ।

११. कुल २१६ को पृष्ठको पाठ्य पुस्तकमा ९५ पेज चाहि अध्यास खण्डमा र १२१ पेज चाहि विषयवस्तुमा सीमित रहेको छ ।

१२. पाठ्य पुस्तकमा सुनाइ र बोलाइको सिपको विकास गर्ने अभ्यासहरू राखिएको छैन ।

१३. सबै पाठमा सबै भाषिक सिप समेट्ने अभ्यासहरू राखिएका छैनन् ।

१४. भाषिक सिपमा पाठ्यक्रमको उद्देश्य अनुरूप लेखाइ र पढाइ सिपको विकास गर्ने प्रबल रूपमा ध्यान दिएको पाइन्छ ।

१५. श्रुती बोध सम्बन्धी अभ्यासहरू पाठ्य पुस्तकमा कम पाइन्छ ।

१६. पाठहरूमा समावश गरिएका अभ्यासहरू समानुपातिक रूपमा वितरण गरेको पाइँदैन ।

१७. यस पाठ्य पुस्तकमा समावेश गरिएका महासन्धि, अधिकार पत्र, संविधान, मुलुकी ऐन, सङ्क्रमित, शब्दहरू सहभागीहरूको स्तरभन्दा जटिल देखिन्छन् ।

१८. कतिपय शब्दहरूको छपाइ मधुरो तथा अस्पष्ट देखिन्छ ।

१९. लाइन लाइन र अनुच्छेद अनुच्छेद बिचको दुरी एकनास र उपयुक्त देखिदैन ।

२०. कतिपय चित्रहरू स्पष्ट र विषयवस्तुसँग सम्बन्धित देखिदैन ।

२१. आकार र मोटाइको दृष्टिले यो पाठ्य पुस्तक सहभागीहरूको तह र स्तर अनुरूप नै देखिन्छ ।

२२. पाठ्य पुस्तकमा प्रयोग गरिएका अक्षरको आकार स्तर अनुकूल देखिन्छ ।

२३. पाठ्य पुस्तक अक्षरहरू नछोपिने खालका छन् ।

२४. यस पाठ्य पुस्तकमा प्रयोग गरिएको कागज उपयुक्त देखिन्छ ।

२५. निःशुल्क उपलब्ध हुन सक्नु यस पुस्तकको राम्रो पक्ष मानिन्छ ।

२६. पाठ्यक्रम अनुरूप मूल्याङ्कन भएको पाइँदैन ।

२७. पाठ्यक्रम अनुरूप मूल्याङ्कन भएको पाइँदैन ।

२८. यस पाठ्य पुस्तक पाठ्यक्रम अनुरूप बनाउने प्रयास गरिएको भए पनि पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूप सम्पूर्ण उद्देश्य परिपूर्ति गर्ने किसिमका अभ्यास पर्याप्त मात्रामा देखिँदैन ।

२९. यस पाठ्य पुस्तकको प्रत्येक पाठपछि दिइने अभ्यास समानुपातिक छैन कतै कम कतै धेरै रहेको पाइन्छ ।

### ५.२ सुझावहरू

१. पाठ्य पुस्तकमा विषय बस्तुको रखाइ क्रमलाई सन्तुलित वनाउनु पर्ने देखिन्छ ।

२. पाठ्य पुस्तकमा राष्ट्रिय एकता, धार्मिक सहिष्णुता बहुसांस्कृतिक पक्षलाई समेट्न सक्ने विषयवस्तु समावेश गर्नु पर्दछ ।

३. पाठ्य पुस्तकमा उखान टुक्काहरूको प्रयोग गर्नु राम्रो हो तर सिकारुको स्तर अनुकुल प्रयोग गर्नु राम्रो भनिन्छ ।

४. सुनाइ सिपको विकास गर्ने अभ्यास पाठ्यक्रमअनुसार पाठ्य पुस्तकमा समावेश गर्नु पर्दछ ।

५. पाठ्य पुस्तकमा नमुना अभ्यासको निर्देशन स्पष्ट हुनु पर्दछ ।

६. सबै पाठमा सबै किसिमका भाषिक सिपलाई समेट्ने अभ्यासहरू राख्नु उपयुक्त हुने देखिन्छ ।

७. श्रुतिबोध सम्वन्धी अभ्यासहरू पाठ्य पुस्तकमा थप गर्नु राम्रो हुन्छ ।

८. यस पाठ्य पुस्तकमा अभ्यासहरूलाई समानुपातिक रूपमा वितरण गर्नु पर्ने देखिन्छ ।

९. पाठ्य पुस्तकमा कतिपय पाठहरूका विषयवस्तु, शब्द भण्डार सहभागीहरूको स्तरअनुकल हुनु पर्दछ ।

१०. पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ पाठहरूको अन्त्यमा दिइनु पर्दछ ।

११. पाठ्य पुस्तकमा देखिइएका छपाइ सम्बन्धी त्रुटिहरू हटाउनु पर्ने देखिन्छ ।

१२. पाठ्य पुस्तकमा प्रयोग गरिने चित्रहरू स्पष्ट र रङ्गीन हुनु पर्ने देखिन्छ ।

१३. कुनै कुनै ठाउँमा छपाइ मधुरो देखिन्छ ।

१४. पाठ्यक्रम अनुरूप मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्ने देखिन्छ ।

१५. महिला साक्षरता पुस्तक सवै भाषाभाषीहरूलाई सहयोग पुऱ्याएको देखिदैंन ।

१६. यसले मातृभाषा नेपाली हुनेलाई मात्र सहयोग पुऱ्याएकोले सबै भाषामा यो किताब छापिनु आवश्यक देखिन्छ ।

## ५.३ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

१. स्तरगत उपयुक्तताका दृष्टिले महिला साक्षरता पाठ्य पुस्तकको अध्ययन ।

२. महिला साक्षरता पुस्तकमा प्रयोग गरिने शैक्षिक सामग्रीहरूको अध्ययन विश्लेषण ।

३. बहुभाषिक कक्षा शिक्षणका दृष्टिले महिला साक्षरता पाठ्य पुस्तकको अध्ययन ।

४. महिला साक्षरता पाठ्य पुस्तक पहिलो र दोस्रो तह बिचको सम्बन्ध ।

५. महिला साक्षरता पाठ्य पुस्तकमा राखिएका विषयवस्तुहरूको अध्ययन ।

६. महिला साक्षरता पाठ्य पुस्तक पहिलो र दोस्रो तहको अध्यासहरूको अध्ययन ।

# सन्दर्भ सामग्रीहरू


अनौपचारिक शिक्षा केन्द्र (२०६३), **अनौपचारिक शिक्षा केन्द्र नीति,** सानोठिमी, भक्तपुर ।

अधिकारी, हेमाङ्ग राज र केदार प्रसाद शर्मा २०५६, **प्रारम्भिक नेपाली शिक्षण द्वितीय संस्करण**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

खनाल, कमल राज (२०५९), **कक्षा ४ को मेरो नेपाली किताव र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन ।** अप्रकाशित स्नातकोत्तर शिक्षा शोध पत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

**जीवनको बाटोमा सबैको लागि शिक्षा** (२०६४), नेपाल सरकार शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर ।

न्यौपाने, अनिता कुमारी (२०६२), **अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत नेपाली भाषा शिक्षणमा अपनाइने विधिहरूको अध्ययन ।**

**नयाँ गोरेटो शिक्षण पदधति** (२०६१), नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी ।

**नयाँ गाउँबेसी तालिम पुस्तिका** (२०६७), नेपाल सरकार शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर ।

पौडेल, शान्ति (२०५७), **कक्षा ५ को साभ्फा नेपाली पाठ्य पुस्तकको विश्लेषणात्मक अध्ययन ।**

**प्रशिक्षक हाते पुस्तिका** (२०५१), युनाइटेड मिसन टु नेपाल, अनौपचारिक शिक्षा केन्द्र ।

फुयाल सरस्वती (२०६२), **कक्षा ८ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन ।**

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

बुढाथोकी दान बहादुर (२०५५), **कक्षा ५ को मेरो नेपाली किताबको तुलनात्मक अध्ययन ।**

भट्टराई, राम प्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : शुभकामना प्रकाशन ।

**महिला साक्षरता सहयोगी पुस्तक** (२०६४), नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर ।

**यूनेस्को बुलेटिन** (पौस, २०६४) ।